म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ६७ बिहीबार १८ असोज २०८० ने. सं. ११४३ ञलगा 5 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं
हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बकैयामा ट्यांकर पल्टिँदा एकको मृत्यु, हेटौंडामा ट्रकले ठक्कर दिँदा ३ जना गम्भीर

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा पर्ने धरान-चतरा सडक खण्डअन्तर्गतको सडकमा टंयाकर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

बकैंया गाउँपालिकाको श्रीपुरमा दुध बोक्ने गाडी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने सहचालक घाइते भएको प्रहरीले जानकारी दिएको छ । मृत्यु हुनेमा गाडीचालक हेटौंडा उपमहानगर पालिका-९ बस्ने सिद्धान्त लामा रहेका छन् । मदन भण्डारी लोकमार्गअन्तर्गत हेटौंडाबाट छतिवनतर्फ जाँदै गरेको ना १ घ ५४४ नम्बरको दुग्ध विकास संस्थानको गाडी अनियन्त्रित भएर बकैंयाको श्रीपुरमा बुधबार बिहान करिब ११ बजेको समयमा दुर्घटना भएको थियो ।

दुर्घटनमा परी चालक लामा र सहचालक धादिङ गजुरी गाउँपालिका बस्ने ४५ बर्षीय प्रेम अधिकारी घाइते भएका थिए । उनीहरुको बागमती गाउँपालिकाका अध्यक्ष सर्केस घलान सहितको टोलीले उद्दार गरी अस्पताल पठाएका थिए । शरीरको बिभिन्न भागमा चोट लागेर घाइते भएका चालक लामाको हेटौंडा अस्पतालमा उपचारको क्रममा दिउँसो साढे १२ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक लक्ष्मी



भण्डारीले जानकारी दिए ।

भण्डारीका अनुसार घाइते अधिकारी दाहिने खुट्टाको घुडा मुनी फ्याक्चर भएको छ । उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । दुध बोक्ने गाडी सडकबाट अनियन्त्रित भएर करिब १०० मिटर तल खोल्सामा खसेको थियो । सवारी दुर्घटनामा बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### सान्नानीटारमा ट्रकले म्याजिकलाई ठक्कर दिँदा ३ जना गम्भीर

हेटौंडा उपमहानगर पालिका-१९ सान्नानीटारस्थित पूर्वपश्चिम राजमार्गमा रोकिराखेको म्याजिकलाई ट्रकले ठक्कर दिँदा ९ जना घाइते भएका छन् ।

बुधबार दिउँसो १२ बजेर १५ मिनेटको समयमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज ३१६७ नम्बरको म्याजिक सडक किनारमा यात्रु चढाउने क्रममा सोही दिशाबाट आउँदै गरेको ना ५ ख ९६८४ नम्बरको ट्रकले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवापनुरले जानकारी दिएको छ । ट्रकको ठक्करबाट म्याजिकमा सवार ९ जना घाइते भएका छन् । घाइतेमध्ये ३ जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

म्याजिकलाई ठक्कर दिएर फरार भएका ट्रकचालक पक्राउ परेका छन् । दुर्घटनालगत्तै फरार रहेका चालक घादिङ जिल्लाको धादिङबेसी-९ का २९ बर्षीय विराज राईलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । सवारी दुर्घटना भएको २ घण्टापछि प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिएको हो । डिएसपी भण्डारीकाअनुसार हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङ बस्ने ३६ बर्षीया बिमल पुलामीमगर, हेटौंडा उपमहा नगरपालिका-१९ नेवारपानी बस्ने लोकबहादुर मोक्तानकी छोरी २ बर्षीया कुश्मि मोक्तान र नेवारपानीकै ५६ बर्षीया ठुलिमाया बम्जन गम्भीर घाइते भएको प्रवक्ता भण्डारीले बताए ।

यसैगरी, म्याजिक चालक मनहरी गाउँपालिका-९ खरंगा बस्ने ४३ बर्षीय अम्बरसिंह डांगी, राक्सिराङ गाउँपालिका-२ बस्ने २१ बर्षीया रीता रानामगर, हेटौंडा-१९ नेवारपानी बस्ने ३५ वर्षीय होईसेल लामा, सोही स्थानका ३३ बर्षीय लोकबहादुर मोक्तान, ५६ बर्षीया लालकुमारी स्याङतान र ३० बर्षीया कबिता नेगी घाइते भएका छन् । उनीहरुको टाउको, हातखुट्टा, पेट, मुख, छाती, ढाडलगायतका शरीरका अंगमा चोट लागेको प्रवक्ता भण्डारीले बताए ।

घाइतेमध्ये म्याजिक चालक मनहरी गाउँपालिका-९ खरंगा बस्ने ४३ बर्षीय डागी उपचारपछि डिस्चार्ज भएका छन् । बाँकी घाइते ८ जनालाई हेटौंडाका अस्पतालमा उपचार सम्भव नभएपछि चितवन रिफर गरिएको प्रहरीले जानकारी दिएको छ । प्रहरीका अनुसार रिफर गरिएकामध्ये थानाभन्याङ बस्ने बिमल पुलामीमगर, नेवारपानी बस्ने लोकबहादुर मोक्तानकी छोरी २ बर्षीया कुश्मि र नेवारपानीकै ५६ वर्षीया ठुलिमाया बम्जनको अवस्था गम्भीर रहेको छ । यसैगरी, राक्सिराङ बस्ने रीता रानामगर, नेवारपानी बस्ने होईसेल लामा, सोही स्थानका लोकबहादुर मोक्तान, लालकुमारी स्याङतान र कबिता नेगीको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

## बागमती प्रदेशसभा बैठक स्थगित



साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ बागमती प्रदेशसभा बैठक अनिश्चित कालका लागि स्थगित गरिएको छ । बुधबार अपरान्ह ४ बजे बसेको प्रदेशसभा बैठकमा सभामुख भुवनकुमार पाठकले अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगित गरेका हुन् । पटकपटक अवरुद्ध बन्दै आएको प्रदेशसभा बैठक बुधबार भने सञ्चालन भएको थियो ।

प्रदेशसभाको बैठकमा एउटा विवादित विधेयक पेश गर्ने तयारी भएपछि सोमबारदेखि सदन चल्न सकेको थिएन । सोमबार बसेको बैठकमा सरकारका तर्फबाट प्रदेशप्रमुख कार्यालयबाट पुन: विचारका लागि फिर्ता भएको विवादित चिठ्ठा विधेयक सदनमा पेश गर्ने तयारी भएको थियो । विधेयक पेश गर्ने तयारी भएसँगै प्रमुखप्रतिपक्ष दल नेकपा एमालेका सांसदहरुले विरोध जनाउँदै बैठक सञ्चालनमा अवरोध गरेका थिए ।


एमालेको अवरोधका कारण सोमबार र मंगलबार बैठक संचालन हुन सकेन भने बुधबार प्रदेशसभा सचिवालयले चिठ्ठा विधेयक कार्यसूचीबाट हटाएसँगै बैठक संचालन भएको थियो । बुधबारको बैठकमा गत असोज १४ गते सदनमा पेश भएको सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिमा पठाउने प्रस्ताव स्वीकृत गरिएको छ ।

बैठकमा प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलमा लागि समितिमा पठाउने प्रस्ताव सर्वसम्मतले स्वीकृत गरिएको छ । सदनमा संस्कृति पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनले पेश गरेको यो विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाउने प्रस्तावलाई सभामुख पाठकले निर्णयार्थ पेश गरेका थिए । उनले निर्णयार्थ पेश गरेको प्रस्तावलाई उद्योग पर्यटन तथा वातावरण समितिमा दवावार छलफलका लागि सर्वसम्मत रुपमा स्वीकृत गरेको हो ।

विद्येयकमाथि उद्योग पर्यटन तथा वातावरण समितिमा छलफल तथा संशोधनसहित पारित गरी प्रतिवेदन सहित पुन: सदनमा पेश गरिने छ । ५ मिनेट बसेर बुधबारको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको हो । प्रदेशसभामा विजनेश नभएकाले संसद्‌बैठक स्थगित गर्नुपरेको प्रदेशसभा सचिवालयले जनाएको छ । गत असोज १४ गतेदेखि संचालन भएको प्रदेशसभामा शुन्य समय, मुख्यमन्त्रीसंगको प्रश्नोत्तर र एउटा विधेयकमाथि सैद्धान्तिक छलफलसहित समितिमा पठाउने भएको छ ।

## 'त्रिशुलीमा हामफाले'का देवकोटाको खोजी जारी






साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ तत्कालीन मेघा बैंक हेटौंडा शाखाप्रमुख नीराजन देवकोटा (नीरञ्जन) सोमबार साँझ धादिङ त्रिशुली नदीमा हामफालेर वेपत्ता भएपछि उनको खोजी जारी छ ।

वर्षापछिको त्रिशुलीको भेलमा हामफालेका नीरञ्जनको सुरक्षानिकायले खोजी तीव्र बनाएको हो । तर, त्रिशुलीमा भेल आएकाले खोजी कार्यमा कठिनाई भएको जनाइएको छ । हालसम्म उनको शव भने फेला परेको छैन । नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका उच्च व्यवस्थापकहरुले दबाब दिएपछि मानसिक तनाव सहन नसकेर उनले नदीमा हामफालेको हुनसक्ने पारिवारिक स्रोतले जनाएको छ । सोमबार बैंकको केन्द्रीय कार्यालयमा हाकिमहरुले टर्चर दिएपछि घर फर्कँदै गरेका देवकोटाले नदीमा हामफालेको बुझिएको छ । देवकोटा सोमबार साँझ धादिङको गजुरी गाउँपालिका-५ घाटवेसीस्थित नयाँपुल नजिकै मोटरसाइकल रोकेर जुत्तासमेत खोलेर त्रिशुली नदीमा हामफालेको प्रहरीले जनाएको छ ।

धादिङका प्रहरीप्रमुख गौतम मिश्रले सोमबार साँझै नै माछामार्ने व्यक्तिले हामफालेको देखेर प्रहरीलाई खवर गरेको र प्रहरी पुग्दा बा.प्र ०३-००५प ४१७६ नम्बरको मोटरसाइलक र जुत्ता फेला परेको बताए । प्रहरीले हालसम्म पनि देवकोटाको जीवित वा मृत शरीर भेट्टाउन नसकिएको र खोजीकार्य जारी रहेको बताएको छ ।

मर्जरअघि मेगा बैंकमा कार्यरत देवकोटालाई मर्जरपछि नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका सिईओको चर्को पेलाईको कारण राजिनामा दिएका थिए । मर्जरपछि राजिनामा दिइसकेका उनलाई नउठेका ऋणको छानवीन गर्न भन्दै पटकपटक केन्द्रीय कार्यालयमा बोलाएर बयान लिने नाममा मानसिक तनाव दिइँदै आएको रहस्य बाहिरिएको छ ।

स्रोतका अनुसार नदीमा हामफालेका देवकोटाले सुसाइड नोट समेत लेखेको र सुसाइड नोटमा नेपाल इन्भेष्टमेन्ट बैंकका सिइओसहितका व्यक्तिहरुको गालीगलौज र दवावका मुख्य कारण खुलाएको जनाइएको छ । यद्यपि सुसाइड नोटबारे पुष्टि हुन बाँकी छ । घटनाको सम्बन्धमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका सिईओसँग जिज्ञाशा राख्दा जवाफ दिन चाहेनन् ।

## चैनपुर जेसीजको आयोजनामा खुला फुटबल



साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ चैनपुर जेसीज (प्रस्तावित)ले चाडपर्वको पूर्वसन्ध्यामा जेसीज कप खुला फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ । यही असोज २३ गते मंगलबारबाट प्रतियोगिता आयोजना गर्न लागेको आयोजकले जनाएको छ ।

प्रतियोगिताको तयारीलाई तीव्र पारिएको आयोजकले बताएको छ । युवाहरुको बीचमा भ्रातृत्वको सम्बन्ध स्थापना, चाडपर्वको शुभकामना आदानप्रदान एवम् खेलकुदको विकासका निम्ति प्रतियोगिता गर्न लागिएको चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीले जानकारी दिए । 'स्थापनादेखि नै युवालक्षित विभिन्न कार्यक्रम गर्ने जमर्को रहँदै आएको छ ।'

संस्थाले विभिन्न गतिविधि गर्ने क्रममा खुला फुटबलको आयोजना गर्न लागेका हौं', अध्यक्ष अधिकारीले भने, 'यसको तयारीलाई तीव्र पारिएको छ । प्रतियोगिता राक्सिराङमा सञ्चालन गर्ने योजना थियो वर्षाका कारण हाँडीखोलामै गर्न लागेका हौं ।' मनहरी गाउँपालिका-३ हाँडीखोलास्थित लामिटारको खेलमैदानमा हुने प्रतियोगिताको विजेताले ५० हजार ५५५ र उपविजेताले २५ हजार ५२५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कारको व्यवस्था गरिएको आयोजक चैनपुर जेसीजका महासचिव रविन ढकालले बताए । प्रतियोगिताको लागि कार्यकारिणी उपाध्यक्ष प्रमोद अधिकारीको संयोजकत्वमा समिति निर्माण गरिएको छ । प्रतियोगितामा सहभागी हुन चाहने क्लव तथा संघसंस्थाले २१ गते आइतबार दिउँसोसम्म टिम दर्ता गर्न सक्नेछन् । प्रतियोगिताको लागि करिब साढे ३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिता संयोजक अधिकारीले बताए ।

## हेटौंडा-काठमाडौं जोड्ने सडक अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ मंगलबारदेखिको वर्षासँगै आएको पहिराका कारण हेटौंडाबाट काठमाडौँ जोड्ने दुईवटा सडकखण्ड बुधबार बिहानैबाट अवरुद्ध भएका थिए ।

पहिराका कारण हेटौंडाबाट काठमाडौं जोड्ने कान्तिलोकपथ सडकखण्डअन्तर्गत ललितपुरको भट्टेडाँडामा पहिरो जाँदा बुधवार बिहानैदेखि यातायात अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

यसैगरी पहिराका कारण कुलेखानी-सिस्नेरी सडकखण्ड अन्तर्गत विभिन्न स्थानमा पहिरो जाँदा बुधबार बिहानैदेखि यातायात अवरुद्ध भएको हो । ती दुवै सडकखण्डमा गएको पहिरो बुधवार साँझ हटाएर यातायात सञ्चालनमा ल्याउने कार्य भएको उनले जानकारी दिए ।

यो सडकखण्ड हुँदै चल्ने सवारीसाधन वैकल्पिक सडकबाट सञ्चालन गर्न प्रहरी नायबउपरीक्षक भण्डारीले आग्रह गरेका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# घुमुवा प्रहरीको गलत शैली

बिरामी महिला बोकेर घरतर्फ गइरहेको एम्बुलेन्स रोकेका कारण प्रहरी परिसरमै महिलाको मृत्यु भएको घटनाले हेटौंडा बजार तात्तिएको छ । घुमुवा प्रहरीले गरेको ब्यवहार गलत भएको अनुमान लगाइरहेको नागरिक समाजले घुमुवाको शैली परिवर्तन हुन नसकेको बताउका छन् । सामान्यतया बिरामी बोकेको एम्बुलेन्सलाई नियन्त्रणमा लिनुपर्ने कारण कमै हुन्छ । अक्सिजन लगाएर ल्याइएको बिरामी बोकेको एम्बुलेन्समा भएको दुर्ब्यवहारको कुरालाई मानवअधिकारबादीले पनि अध्ययन गरी बोल्नु पर्ने थियो । तर, अधिकारबादी निदाएको अवस्था छ । प्रहरीले भने अनुसन्धान गर्न समिति गठन गरिएको जनाएको छ । जिल्ला प्रहरी कार्यालयले प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीको संयोजकत्वमा ५ सदस्यीय छानबीन समिति गठन गरेको प्रहरीले बताएको छ । मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले छानबीन समिति बनाएर घटनाको अनुसन्धान सुरु गरिएको जानकारी दिएका छन् । डिएसपी भण्डारीले घटनाको सत्यतथ्य छानबीनका लागि छानबीन समिति गठन गरिएको र अनुसन्धान सुरु भइसकेको जानकारी दिए ।

घटनाको सत्यतथ्य पत्ता लगाउन अनुसन्धान सुरु गरिसकेको र अनुसन्धानबाट जो दोषि देखिए पनि कानुनी कारबाही हुने उनले बताएका छन् । हेटौंडामा आइतबार मध्यरात सडकमा एम्बुलेन्स रोकेर घुमुवा प्रहरी सहायक हबल्दार डिल्लीराम शिवाकोटीले बितण्डा मच्चाएको मृतक परिवारको आरोप छ । शिवाकोटीसँग सडकमा विवाद हुँदा प्रहरीले मृतक परिवारलाई हिरासतमा थुनेको र एम्बुलेन्स भित्र अक्सिजन लगाइएको बिरामी महिलाको प्रहरी कार्यालय परिसर लगिएको घटनाको चर्चाले बजार तात्तिएको हो । प्रहरी कार्यालयभित्रै बिरामीको मृत्यु भएको थियो । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले सहायक हवल्दार शिवाकोटीलाई निलम्बन गरेको बताइएको छ । मृतक परिवारसँग आइतबार राति करिब १२ बजे हेटौंडा उपमहानगर पालिका-४, स्थित रानीदरबार अगाडि भएको विवादको क्रममा शिबाकोटी पनि घाइते भएको घटना सार्वजनिक भएको छ । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरीउपरीक्षक दीपक रेग्मीले एम्बुलेन्स रोक्ने प्रहरी शिवाकोटीलाई निलम्बन गरेको जानकारी दिएका छन् । उनले निलम्बन गरेर घटनाको अनुसन्धन भइरहेको बताए । एसएसपी रेग्मीले बिरामी बोकेको एम्बुलेन्स लामो समयसम्म रोक्नु राम्रो नभएको बताएका छन् । प्रहरी कार्यालयभित्र एम्बुलेन्स रहँदा महिलाको मृत्यु भएको विषयमा पनि प्रदेश प्रहरी कार्यालयको ध्यानाकर्षण भएको र अनुसन्धान भइरहेको रेग्मीले बताएका छन् ।

एम्बुलेन्ससँगै काठमाडौंबाटै आएको सुमोमा रहेका परिवारलाई लिन बकैयाबाट अर्को सुमो आएको र रानी दरबारअगाडि मेनरोडमै काठमाडौंबाट आएको सुमोबाट बिरामीका आफन्त अर्को सुमोमा चढ्नै लाग्दा सहायक प्रहरी हबल्दार शिवाकोटी मदिराले मातिएको अवस्थामा आइपुगेको मृतक परिवारको आरोप छ । बिरामी परिवारका अनुसार मादकपदार्थ सेवन गरेका शिवाकोटीले सुरुमै एम्बुलेन्सको चाबी थुतेर गाडीमा लात्ती बर्साउनुका साथै चालकमाथि हातपात गरेको जनाइएको छ । एम्बुलेन्सको चाबी लिनु पर्ने मनासिब कारण के थियो भन्ने बिषयमा प्रहरीले जवाफ पनि दिनुपर्ने हुन्छ । शिवाकोटीले प्रहरी भएको कुनै जानकारी नदिएको र विवाद हुँदा मात्रै उनको साथबाट पेस्तोल र हत्कडी सडकमा झरेको पीडित पक्षको भनाइ छ । प्रहरीले एम्बुलेन्स नै प्रहरी कार्यालयमा ल्याएर राख्दा बिरामी महिलाको मृत्यु भएको हो । अक्सिजनको सहारामा घर लैजाँदै गरेको अवस्थामा उनको छोरा, ज्वाइँहरु प्रहरी हिरासतमै रहँदा महिलाको मृत्यु भएको हो । एम्बुलेन्समा अक्सिजनको मात्रा ४० प्रतिशतमात्रै रहेको र अर्को अक्सिजन परिवर्तन गर्न नपाइएको पीडितले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १९ गते शुक्रबार ६ अक्टोबर २०२३ । सप्तमी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ५:५९, सूर्यास्त ५:४३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पश्चात्ताप लाग्नेछ | तुला | : अधिक परिश्रम गर्नु पर्नेछ |
| वृष | : शारीरिक आलस्यता बढ्नेछ | वृश्चिक | : मेहनतको फल पाइनेछ |
| मिथुन | : सकारात्मक सोचाइ रहनेछ | धनु | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कर्कट | : दया मायाका कार्य हुनेछन् | मकर | : व्यापार-व्यवसाय सामान्य |
| सिंह | : धार्मिक आस्था बढ्नेछ | कुम्भ | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |
| कन्या | : कल्याणकारी कार्यको अवसर | मीन | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |

# कता जाँदै छ नेपाली समाज ?



युवराज पौडेल

विश्व मानचित्रमा सिन्धुको बिन्दुका रूपमा अवस्थित नेपाल प्राचीन मानवीय सभ्यता स्थल हो । प्रागैतिहासिक अवशेषको प्राप्तिले गर्दा यो भूभागको प्राचीनता स्पष्ट भएको छ । पृथ्वीको आन्तरिक हलचलले गर्दा टेथिस सागर को गर्भबाट उठेको यो भूभागको संरचनात्मक अवस्था र स्थितिले विविधताको मुलुक बनेको विभिन्न तथ्य अध्ययन गर्न सकिन्छ ।

उत्तरका हिम-शृंखलादेखि दक्षिण मैदानमा विकसित घना जङ्गलले गर्दा सुरक्षित किल्लाजस्तो स्वरूपमा बनेको नेपाली भूभागमा आएका शरणार्थी, व्यापारी, घुमन्ते समेतले स्थायी वासस्थलका रूपमा रोजेपछि समाज निर्माण, विकास, रूपान्तरणको प्रक्रिया बढेको पाइन्छ । सुरुदेखि नै सहयोगी मानसिकताभित्र हुर्किएको हुँदा सदासयता, सद्भाव, सहयोग, समन्वय, सदाचार युक्त समाजमा परिणत हुँदै आएको नेपाली समाज प्राचीनकालदेखि नै जातीय विभिन्नता र सांस्कृतिक अनकेताभित्र सामाजिक एकताको अतुलनीय उदाहरण बन्दै आएको छ । नेपाल चार वर्ण ३६ जातको फूलबारी जस्तै हो अर्थात् नेपाललाई बहुजातीय रंगमञ्चभन्दा पनि फरक पर्दैन । विशृङ्खलित धरातलीय संरचनाले उत्तर-दक्षिणका शरणार्थीको स्वर्गभूमि बनेको नेपालमा बसाइँ सरेर आउने जात-जातिबाटै सामाजिक संरचनाको थालनी र रूपान्तरण भएको हो ।

नेपाली समाजमा यी र यस्ता थुप्रै संस्कार छन्, जसले विभिन्न जातजाति र समुदायलाई एकताको सूत्रमा बाँध्दै आएको छ । यसका साथै नेपालीमा अर्को उखान पनि छ, 'सुखमा अघि लाग्नु, दु:खमा पछाडि लाग्नु' अर्थात् जन्ती जाँदा जहिले पनि दुलाहालाई पछाडि राखेर आफू अघि लाग्नुपर्छ र मलामी जाँदा शवलाई अघि लगाएर आफू पछाडि लाग्नुपर्छ भन्ने नेपाली समाजको मान्यता छ ।

विश्व विकासको प्रारम्भदेखि हेर्दा कुनै पनि समाज आधुनिकतातिर जाँदा सभ्य र सुसंस्कृत हुनुपर्ने हो, नेपाली समाज भने त्यसको ठिक उल्टो आधुनिकताको नाममा असभ्य बन्दै गएको छ । आधुनिकताको अभ्यास गर्ने सिलसिलामा दिनानु दिन समाजमा अश्लील र नैतिकहीनहरूको जत्था उत्पादन भइरहेको छ । समाज परिवर्तनशील छ, संस्कृति पनि सँगसँगै परिवर्तन भइरहन्छ परिवर्तनलाई रोक्न सकिन्न तर परिवर्तन र आधुनिकताको नाममा बढिरहेको विकृतिले नेपाली समाजलाई कतातर्फ लैजाँदै छ ? यो नै आज आमनेपालीको चिन्ता र चासो बन्नुपर्ने भएको छ ।

विशेष गरी पश्चिमी संस्कृतिको प्रभावका कारण नेपाली समाजले आफ्नै पुरातन संस्कृति र परम्परालाई तिलाञ्जली दिइरहेको छ । विशेषत: पूर्वीय संस्कृतिको अनुयायीका रूपमा रहेको नेपाली समाजमा पश्चिमा संस्कृतिले दिनानुदिन यसरी पेल्दै लगेको छ कि हाम्रा धर्म-संस्कृति र मूल्य-मान्यता दिनदिनै मासिँदै छन् । जसका कारण संस्कृतिमा क्षय हुँदै गएको छ । यसरी आफ्नो मौलिक संस्कृतिको क्षय हुनु भनेको नेपाली मौलिकता हराउनु हो । नेपाली कला-संस्कृति लोप हुँदै जानु नै अहिलेको मुख्य चिन्ताको विषय छ । मौलिकता, धर्म, संस्कृति र इतिहासबिनाको विकासले समाजलाई उल्टो बाटोमा लैजान्छ, जुन वर्तमान समाजलाई हेर्दा हुन्छ ।

बाह्य संस्कृतिको प्रभावका कारण नेपाली समाज आधुनिकतामा रूपान्तरित हुँदै गएको केही विद्वान्को तर्क रहेको छ तर आधुनिकताको नाममा सत प्रतिशत परसंस्कृति अवलम्बन गर्नु जायज होइन । परिवर्तन सँगसँगै हामीले हाम्रो अस्तित्व, हाम्रो नेपाली इतिहास र मौलिकता कति जोगाएका छौँ त, यो पनि सोचनीय विषय बन्न पुगेको छ । वास्तवमा जबसम्म कुनै पनि मुलुकमा राजनीतिक अन्योल कायमै हुन्छ, राजनीतिक स्थिरता हुन्न त्यति नै बेला त्यस देशको कला, संस्कृतिमाथि आक्रमण हुन्छ । हिजोआज हाम्रो देशको राज्य सञ्चालनका कैयन् त्रुटिले गर्दा संस्कृतिमा नराम्रो प्रभाव परेको छ, यसको मुख्य कारणमा राजनीतिक कुसंस्कार र बेथिति पनि पर्छन् । यसरी नै जाने हो भने त कुनै दिन हामीले नेपाली हुनुको पहिचान खोज्नुपर्ने अवस्था नआउला भन्न सकिन्न । संविधानमा धर्मनिरपेक्ष मुलुक लेखिएको छ तर अन्य धर्मावलम्बी बढेको हामीलाई असह्य हुन्छ, पहिचान र संस्कृति र रीतिरिवाज चाडवाड मान्दा हामीलाई अपाच्य हुन्छ ।

**धर्म**

धैर्य रहनु, सहनशील हुनु, आफ्नो मनलाई नियन्त्रण गर्नु, चोरी नगर्नु, शुद्ध पवित्र रहनु, इन्द्रीयलाई आफ्नो अधीनमा राख्नु, बुद्धि-विवेकको उपयोग गर्नु, ज्ञानी हुनु, सत्य बोल्नु, नरिसाउनु, कसैको हिंसा नगर्नु, सात्त्विक आहार विहार गर्नु यी र यस्ता सद्गुण नै धर्म हो । सनातन धर्म भनेको परापूर्वकालदेखि चलिआएको त्यही मानवीय सद्गुण रूप धर्म हो । यो सनातन धर्म कसैले चलाएको नयाँ धर्म होइन । धर्म प्राकृतिक कुरा पनि होइन तर अनुशासनको एक महत्वपूर्ण अंग हो । जो मासेर या नासेर अन्त्य गर्न सकिन्न न त परिवर्तन नै गर्न बरु समयअनकूल अनुशरण गर्दा प्रक्रिया परिवर्तन हुन सक्छ ।

संसारमा मानिने र चलेका धर्मले वा धर्ममा गलत कुरालाई अनुशरण गर्न सिकाएको छैन, कहींकतै कुनै धर्मग्रन्थमा हत्या र हिंसात्मक कार्य गर्न छुट छ भनेको छैन, तथापि चलनचल्तीलाई धर्मसँग जोडेका अनेकौं दृष्टान्त देख्न सकिन्छ । वास्तवमा धर्म एक अनुशासन पनि हो । सबै धर्मग्रन्थको फेद भनेको वेद हो भनिएको छ । वेदले सूर्य, चन्द्र, धर्ती, अग्नि, वायु, वर्षाजस्ता यावत् कुरालाई पुज्न सिकाउँछ, जुन सम्पूर्ण जीवहरूको जीवनको स्रोत हुन् । तर कहीं पनि वेदले मानवीय भेदभावलाई प्रश्रय दिएको छैन । यो कुरा हाम्रा अग्रज अथवा ब्राह्मण किन आममानिसलाई बुझाउन सक्दैनन् ? समयको कालखण्डमा विभिन्न व्यक्ति वा समूहको निहित फाइदाका लागि यस्ता वर्ग विभाजन गरेका हुन् । नेपाली समाजले त्यो बुझ्न नितान्त आवश्यक छ । कि उनीहरूले आफू पनि बुझेका छैनन् या बुझेर समाजलाई बुझाउन सकिरहेका छैनन् ?

जबसम्म धर्मका यी ठेकदारले यस्ता कुरा आफू बुझ्दैनन् र समाजलाई बुझाउन सक्दैनन्, तबसम्म समाजको युगान्तकारी परिवर्तन हुन सक्दैन । वास्तवमा धर्मगुरुका लागि पनि यो सुनौलो अवसर हो, हिन्दू धर्मलाई पुनर्भाषित गरौँ, सामाजिक कुसंस्कार र सामाजिक विभेदलाई निर्मूल पारौँ, अनि मात्र नयाँ नेपाल बन्छ ।

**धर्मनिरपेक्ष**

सबै धर्म संविधान र कानुनका अगाडि सबै धर्म समान हुन्, राज्य सञ्चालन तथा नीति निर्धारण गर्दा धर्मको नाममा हस्तक्षेप गर्न पाइँदैन भन्ने सिद्धान्त नै धर्मनिरपेक्षता हो । कुनै अमुक धर्मलाई मात्रै राज्यको धर्म हो भनेर धर्मसापेक्ष गराउनुको अर्थ सोही राज्यमा बस्ने अन्य धर्मावलम्बीलाई अपमान र निरुत्साहित गर्नु हो । धर्म मानिसको आस्थाको विषय भएको हुनाले धार्मिक आस्था हुने जो कोही पनि कुनै धर्ममा आबद्ध हुन सक्छन् तर राज्य स्वयंले कुनै धर्मको संरक्षण वा कुनै धर्मलाई पाखा लगाउनुपर्ने आवश्यकता हुँदैन । यही नै धर्मनिरपेक्षता हो । राज्यले सबै धर्मको सह-अस्तित्वलाई उत्तिकै सम्मानका साथ स्विकार्नुपर्छ भन्ने मान्यता नै धर्म निरपेक्षताको मागसँग जोडिएको आवाज हो ।

अर्कोतर्फ, कुनै धर्मप्रति विश्वास जबर्जस्ती पैदा गर्न सकिने नभई त्यो धर्मका बारेमा सही व्याख्या विश्लेषण गरेर समय सापेक्ष हुँदै गएमा स्वत: मानिसको आस्था बढ्ने भएको हुँदा कुनै पनि धर्मका पक्ष पोषकले त्यतातिर ध्यान केन्द्रित गर्न आवश्यक छ ।

धर्म र राजनीति भनेको फरक फरक विषय वस्तु हुन् । शक्ति पृथकीकरणका हिसाबले पनि धर्म र राजनीति अलग हुनुपर्छ । यो तथ्य बुझेर नै अमेरिका जस्तो क्रिस्चियनको बाहुल्य रहेको मुलुक र भारतजस्तो हिन्दु धर्मको जननी अनि हिन्दुहरूकै बाहुल्य रहेको मुलुकले समेत धर्मनिरपेक्षता अँगालेको हो । हिन्दु धर्ममा पनि धर्मनिरपेक्षताको अर्थ कुनै पनि देश राज्यका रूपमा धर्मदेखि अलग छ । नेपाली परिवेशमा छर्लङ्ग हेर्दा र आम अल्पचेतहरूले विभिन्न नकारात्मक भ्रम र नकारात्मक व्याख्या गर्दा कतिपयले धर्मनिरपेक्ष शब्द नै धर्म परिवर्तनका कारण हो भन्ने मूल्यांकन गर्छन् । तथापि त्यो सत्य होइन ।

**कुसंस्कार र छाडापन**

नेपालमा अनेकौं धर्मावलम्बी, अनेकौं जातजाति, भिन्न प्रकारका रहनसहन, पहिचान, भाषा-संस्कृति भएको मुलुक हो तर इतिहासदेखि वर्तमानसम्म अध्ययन गर्दा बाह्य संस्कृति अत्यधिक अनुशरण गरेको देखिन्छ । मौलिकता, पहिचान, पुर्ख्यौली चालचलन, रीतिरिवाज मान्ने चलन आजभोलि निकै उत्ताउलो प्रकृतिको हुन थाल्यो । एक दृष्टान्त, भर्खर सकिएको हरितालिका तीजको कुरा गरौँ । सञ्चारको सुविधा थिएन, बिहे गरेर कर्मघर गएपछि निरन्तर आउजाउ गर्न असम्भवजस्तै थियो, वर्षको एकपटक दिदीबहिनी, आमा, फुपूहरू आफ्ना साथीसंगीहरू रमाइलो गर्ने मौलिक गीत गाउने, मीठो-मसिनो खाने व्रत बस्ने वर्षभर पराय घरमा भोगेको दु:खसुख साट्ने एक उत्सव थियो, पहिले नेपाली नारीहरू आत्मनिर्भर तथा स्वावलम्बी नभएका हुँदा एक दिन भए पनि मीठो-मसिनो खुवाउन माइती पक्षकाहरू लामो समयदेखि दरको जोहोमा जुट्थे भने चेलीबेटीहरू महिनौं अगाडिदेखि पर्खेर बस्थे । त्यही दिनलाई उनीहरू आफ्नो बह पोख्ने र स्वतन्त्र रूपले रमाउने दिनका रूपमा उपभोग गर्थे । सासूले खटाउने संस्कारबाट आएका नेपाली महिलाले एकै दिन भए पनि राम्रो लाउने, मीठो खाने, स्वतन्त्र हुने अनि धक फुकाएर नाचगान गर्ने मौका पाउने भएकाले यो पर्व नेपाली महिलाको आत्मीय तथा सांस्कृतिक पर्व हो । जसको पर्खाइमा उनीहरू व्यग्र प्रतीक्षामा हुन्थे । सृष्टि र समाज चल्नका लागि पूर्वीय मान्यताअनुसार महिलाहरू विवाहपश्चात् आफ्नो श्रीमान्‌को घरमा बसी बाँकी जीवन बिताउनुपर्ने हुन्छ । यसरी आफू जन्मेको घर, मातापिता, भाइबहिनी, इष्टमित्र र समाज चटक्क छोडी पराइघरमा जीवन बिताउँदा आउने माइतीको यादलाई कमी गर्ने एउटा महत्त्वपूर्ण अवसरको रूपमा तीज पर्वको भूमिका रहिआएको थियो ।

अहिलेको दर र तिज विशेष कार्यक्रम खानपान डेढ दुई महिनासम्म छाडा समाजमा विकृति फैलाउने, हेर्नै लाज मान्नुपर्ने नृत्य, मदिराको नसामा कठै, सामाजिक सञ्जालमा र त्तौलीमा नदेखिने दृश्य देखिन्छ आजभोलि । आधुनिकताको अभ्यास गर्ने सिलसिलामा दिनानुदिन समाजमा अश्लील कुरा गर्न बन्द गर्नैपर्छ अनि सुयोग्य समाज निर्माण हुन्छ ।

**राज्यप्रतिको भत्किादो विश्वास**

आम नागरिक हाल राज्यप्रति र राज्य चलाउनेप्रति रतिभर विश्वास गर्न छाडेका छन् । कारण राज्य सञ्चालन गर्नेहरूले जनताका मुद्दालाई भन्दा आफ्ना सीमित स्वार्थपूर्तिका लागि सत्ताको दाउ खेल्ने परिपाटीलाई उदाङ्गो बनाएको छ ।

मुलुकमा मौलाएको दण्डहीनता, आफ्नै उद्यम गर्न खोज्नेलाई राज्यका हरेक निकायले लगाउने अंकुश, कागजी झन्झट र तानाबाना पार गरेर केही गर्न खोज्नेलाई राज्यले सम्बोधन वा आर्थिक सहायता प्रदान गर्दैन । तर फर्जी कागजात बनाएर माफियातन्त्र चलाउनेलाई संरक्षण गर्दछ । सर्प र बाखा पाल्ने नाममा राज्यको करोडौं रुपैयाँ आफ्नो स्वार्थमा सिध्याउनेलाई राज्यले कारबाही गर्न सक्दैन, तर मकै पोलेर जीवन चलाउनेलाई दु:ख दिन्छ ।

उदाहरणका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का सामुन्ने २०७९ माघ ११ गते आत्महत्या प्रयास गरेका इलाम सूर्योदय नगर पालिकाका प्रेमप्रसाद आचार्यको मृत्युलाई हेरौं । जन्मेदेखि नमरुन्जेल कर तिर्ने तर देशमा सुशासनको प्रत्याभूत छैन, जनताप्रति उत्तरदायी सरकार र जनप्रतिनिधि छैनन्, लगानीको भविष्य ग्यारेन्टी छैन, कानुनी राज्यको आभास छैन, क्षमता र दक्षताको कदर छैन, शिक्षा र स्वास्थ्यको सरकारी चासो अत्यन्तै न्यून छ ।

ऋण लिएर घिउ-भात खाने नेपाली चलनले पनि यो स्थिति आएको हो । राज्यले सुशासन कायम गरी दण्डहीनताको अन्त्य गर्न नसक्दा राज्यप्रति नागरिकको विश्वास गुमेको हो । युरोप, अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापानजस्ता देशहरूले सजिलै नेपालीलाई भिसा दिने भए यो देशमा कोही रहने थिएन, देश खाली हुने थियो ।

**मानवीयताको खडेरी**

डाक्टर कुटिँदा रमाउने समाज, नेतालाई दिन दहाडै खुकुरी प्रहार गर्दा वाहवाही गर्ने झुन्ड, छिमेकीको उन्नति र प्रगति देखेर डाह गर्ने परिवार, खेतबारी बाँझै राखेर करोडौं लगानी गरी देशलाई तथानाम गाली गर्दै तल्लो बाटो अमेरिका पुग्ने युवा, मृत्युपछिको अन्त्येष्टि गर्दा सेल्फी खिच्ने – यी व्यवहारले मानिस कति असंवेदनशील भएछन् र मानवीयता कुन हदसम्म हराएछ भन्ने स्पष्ट देखिन्छ । हाम्रो चेतना स्तरको मापन हुनुका साथै समाज हिँडेको बाटो कुन दिशातर्फ गएको छ भन्ने थाह हुन्छ ।

निर्माण व्यवसायी, मिटर ब्याजपीडित, सहकारी पीडित, प्राध्यापक, हिंसापीडित, धार्मिक समुदाय, किसान, व्यापारी, उद्यमी, शिक्षक-शिक्षिका, प्रोफेसर, न्यायका लागि सडकमा आउन बाध्य भएका छन् । अब हुँदाहुँदा डाक्टर र नर्स समेत सुरक्षाका लागि सडकमा आउन बाध्य भएका छन् । वर्तमान सरकारको कार्यशैलीका कारण देखिएको परिणाम होइन यो विगतमा राज्य सञ्चालन गरेका नेतृत्वले यो अवस्थाको जिम्मेवारी लिनुपर्छ र वर्तमान सरकारले यो अवस्थाको निराकरण गर्नतिर लाग्नुपर्छ । अनि मात्र राज्यप्रतिको आम नागरिकको बुझाइमा परिवर्तन आउँछ ।

राज्य सञ्चालन गर्ने राजनीतिक दल या नेतृत्वले अब मुलुकलाई सुशासनको बाटोमा लैजाओस्, राजनीतिक दल वा तीनका भ्रातृ संगठनको छायामा कार्यसम्पादन राम्रो नभएका कर्मचारीलाई बढुवा, पुरस्कार लगायतका विभिन्न अवसर प्रदान गर्ने प्रवृत्तिलाई रोक लगाउनुपर्छ । विद्यालय र विश्वविद्यालय स्तरसम्म, अनियमितता, भ्रष्टाचार, सदाचार, इमानदारिता र सुशासन जस्ता विषयवस्तु समेटेर पाठ्यक्रममा समावेश गरी पठनपाठन गराइनुपर्छ ।

नियमनकारी, असल शासन विधिबाट सेवा प्रवाह गरी जनतालाई सरल, सुलभ र नियमित सेवा प्रदान गराउनेतिर राज्य लागोस् । सुशासनका मूलभूत आधार तयार गर्दै असल शासन, पारदर्शिता, उत्तरदायित्व वहन, जिम्मेवारी वहन, समावेशीकरण तथा काममा दक्षता र प्रभावकारिताको मूल्य बुझेर राज्य अगाडि बढ्नुपर्छ । स्रोतसाधनको सही परिचालन र भ्रष्टाचार नियन्त्रण गरी जनताका आवश्यकताहरू परिपूर्ति गर्दै राष्ट्रिय आयको समानुपातिक वितरण गर्न सके मात्र सुशासन भएको महसुस गर्न सकिन्छ । राज्य जबसम्म जनताको आधारभूत कुरामा जिम्मेवार बन्दैन, तबसम्म न मुलुक बन्छ न समाज ।

*(साभार: रातोपाटी)*

# नयाँ पुस्ताको नेपाली सपना

निरञ्जन श्रेष्ठ

नेपाल आफैंमा सानो देश भए पनि कतिपय दृष्टिकोणबाट एशिया महाद्वीपका विशिष्ट देशहरुमध्ये एकमा पर्छ, जहाँ कैयौं शताब्दीअघि पश्चिमी एशिया तथा भारतहुँदै आएका आर्य, उत्तर-पूर्वी दिशाबाट पसेका तिब्बत-बर्मेली परिवारका विभिन्न जातजाति, दक्षिणी भारतबाट आएका द्रविड जातिका हाँगा, तिब्बतबाट बसाइँ सर्दै आएका जातजातिको अनुपम संगम र अन्तर घुलनबाट यहाँ छुट्टै किसिमको कला, संस्कृति, परम्परा र सभ्यता विकसित हुँदै आएको छ ।

नेपाली सभ्यताको केन्द्रविन्दुमा रहेको छ काठमाडौं उपत्यका । गोपाल, महिषपाल, किराँत, लिच्छवि, मल्ल र शाहकाल हुँदै गणतन्त्रसम्म आउँदा काठमाडौं उपत्यकाले नै मूल रुपमा नेपाली सभ्यता र सपनालाई बोकेको देखिन्छ । विशेषगरी लिच्छवि कालपछि विकसित हुँदै गएको काठमाडौं उपत्यकाको कला, संस्कृतिले नेपाललाई भारतीय उपमहाद्वीप र चीनसम्म चिनाउन थालेको देखिन्छ । लिच्छविकाल हुँदै मल्लकालसम्म भारतबाट नेपालहुँदै तिब्बतसम्मको व्यापार फस्टाएको थियो भने काठमाडौं उपत्यका थियो यस बीचको एक प्रमुख व्यापारिक विन्दु ।

अहिलेको एकीकृत नेपाल बन्नु अघिसम्म नेपाल भन्नु नै काठमाडौं खाल्डो थियो । नेपालीको सपना भन्नु नै एक प्रकारले तत्कालीन शासकहरुका व्यक्तिगत रुचि र सपना नै थिए । विकट नेपाली भूगोलको दुर्गम बस्तीहरुमा बसोबास गर्ने नेपालीसँग पनि राज्यसँग सायदै कुनै अपेक्षा हुन्थे होलान् । संयुक्त राज्य अमेरिकाको स्थापना समेत नभइसकेको त्यस कालखण्डको राज्यमा नागरिक स्वतन्त्रता, समानता, सामाजिक न्याय, महिला अधिकार वा समावेशिताप्रतिका अपेक्षाहरु सायद आशातीत मात्र ठहरिन्थे ।

२००७ सालपछि प्रजातन्त्रको प्रादुर्भावसँगै नेपालीले पहिलोचोटि खुला वातावरणमा सास फेर्न पाए, जुन वातावरणमा उनीहरु आफ्ना लागि, आफ्नो समाजका लागि, आफ्नो देशका लागि नयाँ-नयाँ सपना देख्न सक्थे, तर वर्षौंदेखिको सामन्ती सत्ताको अवशेष र संस्कारको त्यत्तिकै अन्त्य हुन त्यति सहज थिएन ।

२०४६ सालमा कांग्रेस र कम्युनिष्टको संयुक्त पहलबाट पञ्चायतको अन्त्य भयो, नयाँ संविधान आयो । नेपाली समाजमा लामो समयदेखि कचल्टिएर रहेका राजनीतिक, आर्थिक, सामाजिक मुद्दाहरुको यथाशीघ्र सम्बोधन हुने चाहना थियो । यी मुद्दाहरुलाई सम्बोधन गर्नका लागि अघि बढ्दा नबढ्दै बहुमतको नेपाली कांग्रेसको सरकार अस्थिरताको शिकार भयो र त्यसपछि बनेका मिलीजुली सरकारको निहुँमा पुन: अर्को राजनीतिक अस्थिरताको सुरुवात भयो । तिनै असन्तुष्टिहरुलाई समात्दै नेकपा माओवादीले दूर दराजका गाउँहरुमा युद्धको विस्तार गर्न थाल्यो । तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुश शासक बन्ने चाहनाका बीच लोकतन्त्रमा विश्वास राख्ने राजनीतिक दल र माओवादी पार्टी एकै ठाउँमा आउने परिस्थिति बन्यो ।

२०६२-६३ को जनआन्दोलनको झट्काले अन्ततोगत्वा राजतन्त्रलाई नै बिदाइ गरि दियो । त्यसै आन्दोलनको बलबाट प्राप्त संविधानसँगै नेपाल गणतन्त्रमा प्रवेश गरेको छ । त्यसको साथै केन्द्रीकृत सत्ताबाट पर रहेकासम्म राज्यको सहज पहुँच पुऱ्याउन, समावेशितालाई प्रवर्धन गर्न, देशको समृद्धितर्फको यात्रालाई द्रुततर तुल्याउन संघीयतालाई पनि अंगीकार गरिएको छ ।

सबै प्रमुख राजनीतिक दलहरुको शक्ति सन्तुलनको रुपमा २०७२ सालमा नेपालले समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने उद्देश्य सहितको संविधान पाएको छ । नेपालको संविधान र प्रमुख राजनीतिक दलका घोषणापत्रमा लेखिएका तमाम कुराहरुका बाबजुद हाम्रो प्रगतिको वेग छिमेकी मुलुक र अन्य कतिपय विकासोन्मुख राष्ट्रको भन्दा कम भएको कुरा सत्य हो । देशभित्र सिर्जित आर्थिक अवसरहरु सीमित भएको हुँदा ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीमा जानु परेको अवस्था छ ।

प्रत्येक नेपालीले अबको विश्वमा नेपाली भएर बाँच्दा गौरव महसुस होस् भन्ने आकांक्षा राख्दछन् । सबै जनालाई आफ्नो क्षमता र दक्षताको उच्चतम प्रस्फुटन गरेर समृद्ध जीवन बाँच्नका लागि अवसरहरु उपलब्ध होऊन् र समाजमा भएका हरेक किसिमका विभेद, शोषण, अन्यायहरुको अन्त्य होस्, सामाजिक न्याय सहितको आर्थिक विकास होस् भन्ने चाहन्छन् । नेपाली जनताका यी सपना, आकांक्षाहरुलाई पूरा गरेर समृद्ध देश बनाउने काम भनेको फूलबारीको हेरचाह गर्ने एक कुशल मालीको जस्तै हो । जसले प्रत्येक फूललाई फक्रने उत्तिकै अवसर र वातावरण दिएको हुन्छ ।

यहाँ सपनाका कुराहरु धेरै भएका छन् । बीपी, पुष्पलाल या मदन भण्डारी लगायत नेताहरुले देखेका सपनालाई पूरा गर्न लागिपरेको दावी गर्छन्, नेपालका राजनीतिक पार्टीहरु । २०६२-६३ को जनआन्दोलनपछि 'नयाँ नेपाल' बनाउने नाराहरु पनि जोडतोडका साथ उचालिएका थिए । यदाकदा नेपाललाई सिंगापुर र स्विट्जर ल्याण्ड बनाउने चर्चा पनि चल्ने गर्छ ।

बाँकी प्रष्ठ-३....

# नयाँ पुस्ताको....

जापान, दक्षिणकोरिया र चीनले आफ्ना सामानको विश्वबजारमा ब्रान्डिङ गरे जस्तै, भारतले 'मेक इन इन्डिया' कार्यक्रम ल्याए जस्तै- हामीले पनि हाम्रो ऐतिहासिक परिवेश, भौगोलिक विशिष्टता, कला र संस्कृतिको जीवन्त संग्रहालयको चिनारीलाई मनन गर्दै मौलिक नेपाली सपना देख्न थाल्नुपर्छ।

यस अर्थमा नेपालीलाई यसअघि सपना नदेखाइएको होइन, देशलाई समृद्ध बनाउने नारा साँच्चिकै नौलो होइन । तीसवर्षे पंचायतकाल सकिएर बहुदलीय व्यवस्था र गणतन्त्रबाट नेपाली शासित भएको अर्को तीन दशक हुनै लाग्दा पनि देशको आर्थिक वृद्धिदर औसतमा पाँच प्रतिशत भन्दा माथि जान सकेन । आखिर किन र कसरी चुक्यौं त ?

राजनैतिक शासन व्यवस्था पटक-पटक परिवर्तन भए पनि अपेक्षित आर्थिक परिवर्तन किन हुन सकेन त ? हो, पटक-पटक संविधान फेरिए, शासनव्यवस्था फेरिए, तर हाम्रो पुरातनवादी सामन्ती सोच, संस्कार, शैली, प्रवृत्ति र मानसिकतामा भने तात्विक परिवर्तन आउन सकेन । राणकालीन सामन्ती सोच र मानसिकतालाई नै पंचायतकालदेखि आजको राजनैतिक नेतृत्वसम्मले विरासतको रुपमा बोक्नु अभिशाप बन्यो ।

सामन्ती सोच र मानसिकताबाट शासनसत्तामा रहेकाहरु मात्र ग्रसित बनेनन्, हाम्रो समाज पनि त्यस्तै किसिमको सोचमा जकडियो । श्रम, सीप, नवीन सोच, उद्यमशीलता र उत्पादनशीलताको कदर र सम्मान गर्न सकेनौं । प्राकृतिक स्रोत-साधनको संरक्षण गर्दै त्यसको दिगो उपयोग गर्ने र लाभ लिने कुरामा स्पष्ट बाटो तय गर्न अझै सकेका छैनौं ।

हामीले नेपाल गाउँ नै गाउँले भरिएको देश भएकोले गाउँको विकासलाई प्राथमिकता दिइनुपर्ने कुरालाई लामो समयदेखि महत्व दिइराखेका छौं, तर पनि हाम्रा गाउँहरुमा किन रोजगारीका अवसरहरु सिर्जना हुन सकेनन् त ? सडक, खानेपानी, विद्युत् जस्ता पूर्वाधारहरु पुग्दै गर्दा पनि किन गाउँको आर्थिक विकास अपेक्षित रुपमा हुन सकेन त ? किन रोजगारीका अवसरको खोजीमा गाउँका युवाहरु शहर र विदेश पस्दैछन्, गाउँ रित्तिदैछन् त ?

हामीले गाउँको विकासलाई प्राथमिकता दिने कि शहरको विकासलाई प्राथमिकता दिने भन्ने कुरामा लामो समयदेखि कतै अल्मलिइराखेका छौं । कवि हेम हमालले भने जस्तै अहिले हाम्रा गाउँ र शहरहरु 'गाउँ गाउँ जस्तो छैन, शहर शहर जस्तो छैन' जस्तो भएको छ । अबको नेपाल र नेपाली सपना कस्तो हुनुपर्छ त वा ती सपनालाई हामीले कसरी हासिल गर्ने त?

### आर्थिक केन्द्रहरुको स्थापना

वास्तवमा हामीले न त शहरप्रति कुनै पूर्वाग्रही सोच राख्नु छ, न त गाउँप्रति नै । यी दुवै बीचको अन्तरसम्बन्ध बुझ्नु भने जरुरी छ । कुनै पनि देशको आर्थिक विकासको ग्रोथ इन्जिन भनेका शहरहरु नै हुन् । शहरको विकासले नै गाउँमा नअटाएको श्रमशक्तिलाई रोजगारी दिन सक्छ । गाउँको उत्पादनको बजार पनि शहर नै हो । नेपालमा पनि क्षेत्रीय विकासको सन्तुलन र आर्थिक विकासको विकेन्द्रीकरणका लागि देशका विभिन्न भागमा शहरहरु स्थापना गर्ने योजना बनेकै हुन् । योजना तर्जुमा गरेर बनाइएका राजविराज र लमही जस्ता शहरहरुले कुनै फड्को मार्न सकेनन् ।

देशको अधिकांश आर्थिक गतिविधि आजपर्यन्त पनि काठमाडौंकेन्द्रित नै छ । हुनत भन्सार स्थापना भए जस्तै लगभग सय वर्ष अघि बसेका विराटनगर, वीरगञ्ज, नेपालगञ्ज जस्ता शहरले आफ्नै किसिमले आर्थिक केन्द्रको रुपमा विकास हुन खोजे पनि त्यसका लागि योजनाबद्ध प्रयास भने भएका छैनन् । बरु जनसंख्याको उच्च वृद्धि र आर्थिक गतिविधिको विविधतासँगै चितवन उपत्यका नयाँ आर्थिक केन्द्रको रुपमा देखा पर्ने कोसिस गर्दैछ । लुम्बिनी र अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणसँगै भैरहवा-बुटवल करिडोर नयाँ आर्थिक केन्द्रको रुपमा देखा पर्ने संकेत देखिँदैछ भने पोखरा पनि त्यही बाटोमा छ ।

देशका आर्थिक विकासलाई तीव्रतर बनाउन, क्षेत्रीय सन्तुलनलाई समेत विचार गरी यस्ता रणनीतिक आर्थिक केन्द्रहरुको विकास गर्नु जरुरी देखिन्छ, जसले व्यापक रुपमा रोजगारीका अवसरहरु पनि सिर्जना गर्न सक्नेछन् । औद्योगिक क्षेत्र वा अन्य महत्वपूर्ण भौतिक वा सामाजिक पूर्वाधारको विकास गर्दा पनि यस कुरालाई ध्यानमा राख्न सकिन्छ । अबका दिनमा प्रशासनिक केन्द्रको विवादमा बढी अल्झनु भन्दा यस्ता रणनीतिक आर्थिक केन्द्रहरुको विकास गर्ने कुरामा हाम्रो ध्यान केन्द्रित हुनु जरुरी छ । त्यसो त प्रशासनिक केन्द्रको घोषणा गर्दैमा त्यस क्षेत्रको व्यापक आर्थिक, सामाजिक उन्नति हुन नसक्ने कुरा त हामीले विगतका क्षेत्रीय विकास केन्द्रहरु धनकुटा र दिपायल वा अञ्चल सदरमुकामहरु राजविराज, बागलुङ वा तुलसीपुर कै उदाहरणबाट देख्न सक्छौं ।

### मझौला र साना शहर तथा बजार केन्द्रहरुको विकास

देशमा ठूला आर्थिक केन्द्रहरुको स्थापनासँगै जनसंख्या र आर्थिक गतिविधिलाई विकेन्द्रित गर्न मझौला र साना शहरहरु तथा बजार केन्द्रहरुको योजनाबद्ध विकास हुनु पनि उत्तिकै जरुरी छ । मझौला र साना शहरको विकासका लागि प्रदेश सरकारहरुले आफ्ना योजना बनाउन सक्नेछन् भने स्थानीय बजार केन्द्रहरुको योजना तर्जुमा गर्ने र विकास गर्ने काममा स्थानीय सरकारहरु संलग्न हुनसक्छन् । त्यसो त नेपालका कतिपय ग्रामीण बस्तीहरुको पुनर्संरचना हुन पनि त्यत्तिकै जरुरी छ ।

### पूर्वाधार विकासको रणनीतिक खाका

अहिले अन्तर्राष्ट्रिय विमानस्थलदेखि लिएर रेल, मेट्रो, फास्ट ट्र्याक र अन्य भौतिक पूर्वाधार विकासका बारेमा बहस चलिराखेका छन् । विभिन्न ठूला शहर वा आर्थिक केन्द्रमा हुने जनसंख्याको केन्द्रीकरण र आर्थिक गतिविधिको सघनताका आधारमा ती शहर वा आर्थिक केन्द्रहरु जोड्ने पूर्वाधारहरुका प्रकृतिका बारेमा रणनीतिक योजना बनाउन सकिन्छ र यसले आर्थिक गतिविधिलाई चलायमान गर्दै रोजगारीका थप अवसरहरु सिर्जना गर्न मद्दत पुऱ्याउन सक्नेछन् । अब हामी सबै जिल्ला सदरमुकाम वा पालिका केन्द्रमा सडक पुऱ्याउने जस्ता योजनाबाट मात्र निर्देशित हुनु जरुरी छैन ।

### बस्तीदेखि बजार हुँदै विश्वसम्म

विगतका तीन दशकमा कच्ची सडक, खानेपानी, विद्युत् जस्ता पूर्वाधारहरु नेपालको ग्रामीण क्षेत्रसम्म पुग्न थाले पनि गाउँ-गाउँसम्म आर्थिक गतिविधिको वृद्धि गर्न र रोजगारीका अवसर सिर्जना गर्न भने हामी चुकेकै हौं । अबका विकास प्रयासहरु गाउँ-गाउँसम्म आर्थिक गतिविधि बढाउन र रोजगारीका अवसरहरु सिर्जना गर्नमा केन्द्रित हुनु जरुरी छ । यतिखेर गाउँका किसानलाई व्यावसायिक बनाउन आवश्यक छ । उनीहरुमा उद्यमशीलता, व्यावसायिकताका सीप र दक्षताहरु भर्नु जरुरी छ । उत्पादनको बजारीकरण गर्न तथा त्यसलाई प्रशोधीकरण गर्दै मूल्य शृंखला अभिवृद्धिमा जोड्नु आवश्यक छ । पहिलो चरणमा ती उत्पादनहरु नजिकैका बजार केन्द्र र शहरमा खपत हुनसक्छन् भने उत्पादनको परिमाण र गुणस्तरीयतामा हुने वृद्धिसँगै तिनलाई ठूला शहर र विश्वबजारसम्म पनि पुऱ्याउन सकिन्छ । हाम्रा चिया, कफी र अलैंचीहरु धेरथोर विश्वबजारसम्म पुग्न सकेका छन् । अदुवा लगायत अन्य फलफूल र तरकारी उत्पादनले पनि विस्तारै यही बाटो पछ्याउन सक्छन् ।

सन् १९९० को दशक पछि नेपालीहरु श्रमका लागि विदेशिने प्रवृत्ति व्यापक रुपमा बढ्यो, जुन त्यसअघि शायदै कल्पना गरिएको थियो होला । अहिले सारा विश्व बजार नै एकै ठाउँमा जोडिएको छ । अबका दशकमा हाम्रा कृषि उत्पादनलाई नेपालभरका बजार र त्यसभन्दा परसम्म पुऱ्याउन योजनाबद्ध रुपमा किन नलाग्ने ? हुनत हामीले अहिलेसम्म पनि राजधानी नजिकै फर्पिङ-छैमलेको नासपाती र साँगाको लप्सीलाई नै पर्याप्त बजारीकरण र प्रशोधीकरण गर्न सकेका छैनौं भने जुम्लाको स्याउ र सिमकोटको सिमीको त झन् के कुरागराइ भयो र ? तर यो विडम्बनापूर्ण परिस्थितिलाई हामीले चिर्नैपर्छ ।

प्रदेश र स्थानीय सरकारहरुले पनि आर्थिक विकासका कुरालाई प्राथमिकतामा राख्नुपर्छ । गाउँका किसानलाई सफल व्यवसायी बनाउन उनीहरुलाई नयाँ प्रविधिको अनुसरण गर्ने तथा व्यवस्थापनका नयाँ कौशलहरु सिकाउने कुरामा प्रोत्साहित गर्नुपर्छ । उनीहरुको व्यवसायलाई संस्थागत तुल्याउने, थप लगानी र प्रविधिको प्रयोग मार्फत व्यवसायको विस्तार गर्ने र बजारमा प्रतिस्पर्धी बनाउने कुरामा राज्यले सहयोग गर्नु पनि आवश्यक हुन्छ ।

### मौलिक आधारशिलामा ठडिन सक्ने हाम्रा सपनाहरु

हामीले विश्वबजारमा बेच्न सक्ने धेरै कुरा छन् । अब हामी श्रम बेच्ने होइन, वस्तु, सेवा र ज्ञान बेच्ने कुरामा अग्रसर हुनुपर्छ । त्यसो त हाम्रो अनुपम कला र विशिष्ट संस्कृतिको पनि बजारीकरण गर्न सक्छौं । हामीले 'बुद्ध नेपालमा जन्मेका हुन्' भनेर अल्मलिइरहने होइन, नालन्दा र तक्षशिला विश्वविद्यालयका नयाँ संस्करण जन्माएर बौद्ध दर्शनलाई संसारभर फिंजाउन सक्छौं । सघन जनसंख्या भएका मधेश र लुम्बिनी प्रदेशमा भारतका आईआईटी जस्ता शिक्षण संस्थाहरु स्थापना गरेर नेपाली र विश्वबजारमा प्रतिस्पर्धी दक्ष जनशक्ति आपूर्ति गर्न सक्छौं । नेपाल आफैंमा प्रकृतिको उत्कृष्ट प्रयोगशाला हो ।

यहाँ वन, वनस्पति, कृषि, वातावरण संरक्षण, विपत् व्यवस्थापन, जलवायु परिवर्तन, जलस्रोत, चिकित्सा, इन्जिनियरिङ, साहसिक पर्यटन, पर्या-पर्यटन, होटल व्यवस्थापन जस्ता विषयमा संसारकै उत्कृष्ट प्राज्ञिक र अनुसन्धानमूलक संस्थाहरु स्थापना गरेर संसारभरका मानिसहरु आकर्षित गर्न सक्छौं, ज्ञानको प्रसार गर्न सक्छौं । स्वास्थ्य पर्यटनको उत्कृष्ट गन्तव्य बनाउन सक्छौं । धार्मिक पर्यटनको केन्द्र बनाउन सक्छौं । प्राचीनकालदेखि प्रसिद्ध ललितपुरको कलालाई पुनर्जीवन दिने र प्रसार गर्ने कलाकेन्द्रहरु स्थापना गर्न सक्छौं ।

खालि खाँचो छ- यी सबै सुन्दर सपनाहरुलाई एउटै मालामा उन्न सक्ने दृढ प्रतिबद्धता र इमानदार प्रयासको । प्रत्येक नेपालीले आ-आफ्नै सपनाहरु देख्न सक्छन् । नेपाली जनताका ती व्यक्तिगत सपनालाई उनीहरुको क्षमताको आधारमा राज्यले उच्चतम प्रस्फुटनको अवसर जुटाइदिनुपर्छ । ती सपनाहरुलाई साकार पार्ने संगठित प्रयासहरुमा उकेरा लगाइदिनुपर्छ । जापान, दक्षिणकोरिया र चीनले आफ्ना सामानहरुको विश्वबजारमा ब्रान्डिङ गरे जस्तै, भारतले 'मेक इन इन्डिया' कार्यक्रम ल्याए जस्तै- हामीले पनि हाम्रो ऐतिहासिक परिवेश, भौगोलिक विशिष्टता, कला र संस्कृतिको जीवन्त संग्रहालयको चिनारीलाई मनन गर्दै मौलिक नेपाली सपना देख्न थाल्नुपर्छ ।

नेपाल फेरि पनि प्राचीन भारतीय र चिनियाँ सभ्यताको अनुपम संगमस्थल बन्न सक्छ । हामी एशियाको एक सानो देश हौं, तर यसको मुटु बन्न सक्छौं । राष्ट्रकवि माधव घिमिरेले भने झैं हामी एशियाको माझमा हिमालसँगै अग्लिने सपना किन देख्न सक्दैनौं त ?

*'हामीले हिमाल उठायौं एशियाको माझमा*
*सभ्यता बास बसेथ्यो आएर यही साँझमा'*

*-राष्ट्रकवि माधवप्रसाद घिमिरे*

*(साभार: अनलाइनखबर)*

# ५ वर्षपछि कार्यान्वयनमा आयो असल कैदी जेलबाहिरै बस्न पाउने सुविधा



काठमाडौं/दुई तिहाई कैद सजाय भोगिसकेका कैदीहरु कारागार बाहिर रहन पाउने गरी सरकारले प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने भएको छ ।

प्यारोलमा रहने कैदीहरु कारागारबाहिर रही सामान्य जीवनयापन गर्न पाउनेछन् । १ भदौ २०७५ सालदेखि लागू भएको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा भएको प्यारोलसम्बन्धी व्यवस्था पाँच वर्षपछि कार्यान्वयनमा ल्याउने निर्णय भएको हो ।

उक्त ऐनको दफा २९ मा एक वर्षभन्दा बढी कैद सजाय पाएका, दुई तिहाई कैद बिताइसकेका र राम्रो आचरण भएका कसुरदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छ ।

प्यारोलको सुविधा पाउने कैदीहरुले कैद भोग्न बाँकी अवधि तोकिएको शर्त पालना गर्ने गरी प्यारोल अधिकृतको निगरानीमा रहने गरी समाजमा जीवनयापन गर्न अनुमति पाउछन् । त्यो अवधि उनीहरु कारागारमा बस्नुपर्दैन । कतिपय कसुरदारहरुलाई उनीहरुको पृष्ठभूमिका आधारमा शर्त तोकिनसक्छ ।

तर केही गम्भीर प्रकृतिका कसुरमा जोडिएका कैदीहरुले प्यारोलको सुविधा पाउँदैनन् । उक्त ऐनमा भएको व्यवस्था अनुसार, जन्मकैद, बलात्कार, भ्रष्टाचार, तेजाब प्रहार, मानव बेचबिखन, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, क्रुर अमानवीय यातना, मानवता विरुद्धको अपराध र राज्यविरुद्धको कसुरमा मुछिएको कैदीले यो सुविधा पाउने छैनन् ।

यो व्यवस्था कार्यान्वयनमा आएपछि कारागार प्रशासनले प्यारोलमा राख्ने कैदीहरुबारे प्यारोल बोर्डमा सिफारिस गर्नेछ । बोर्डको सिफारिस अनुसार, जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्ने व्यवस्था छ ।

प्यारोलको सुविधा पाउने कैदीहरु कारागारबाट निस्किएर समाजमा बस्न पाउने छन् । त्यसरी बस्दा तोकिएको शर्त पूरा गर्नुपर्नेछ । उनीहरुलाई प्यारोल अधिकृतहरुले निगरानी गर्ने कानुनी व्यवस्था छ ।

प्यारोलको सुविधा पाउनेहरु त्यसरी समाजमा बस्दाको अवधिको कैद भुक्तान भएको मानिनेछ । तर शर्त उल्लंघन गरेमा बाँकी रहेको कैद फेरि कारागार भित्रै भुक्तान गर्नुपर्नेछ ।

महान्यायाधिवक्ता डा. दिनमणि पोखरेल विभिन्न जिल्लाका कारागारमा भ्रमण गर्दा कैदीहरुको कठिन अवस्था देखेकाले कानूनमा भएको व्यवस्था कार्यान्वयनको पहल गरेको बताउँछन् ।

उनी भन्छन्, '२०७५ सालदेखि लागू भएको कानूनमा दण्डका सुधारात्मक व्यवस्था भएपनि कार्यान्वयनमा आएका थिएनन् । यो नयाँ व्यवस्था होइन, कानूनी व्यवस्था कार्यान्वयन गर्न खोजिएको मात्रै हो ।'

प्यारोलसम्बन्धी नीतिगत निर्णय गर्न महान्यायाधिवक्ताको नेतृत्वमा गठन हुने बोर्डमा कानुन र गृह मन्त्रालयका सचिवहरु सदस्य रहनेछन् । बोर्डमा दुईजना मनोचिकित्सक, प्रहरी महानिरीक्षक, एकजना अपराधशास्त्री वा दण्डशास्त्री सदस्य हुन्छन् भने कारागार व्यवस्था विभागका महानिर्देशक सदस्य सचिव रहने छन् । प्रदेशमा पनि त्यसरी नै प्रदेश प्यारोल बोर्ड गठन हुनेछ ।

मन्त्रिपरिषदको बुधबारको बैठकले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा भएका तीनवटा व्यवस्था एकसाथ कार्यान्वयनमा ल्याउने निर्णय गरेको हो । निर्णयमा उक्त ऐनको दफा १७ (च), २९ र ४९ मा भएका व्यवस्था कार्यान्वयन हुने भनिएको छ ।

त्यसअनुसार अब हरेक फौजदारी मुद्दाको न्यायनिरुपण गर्दा आरोपित कसुरदार ठहरिएमा र उसले एक वर्षभन्दा बढी सजाय पाउने भएमा न्यायाधीशले उसलाई प्यारोलमा छाड्न सकिने हो कि होइन भनी आदेश वा फैसलामै उल्लेख गर्नुपर्नेछ । प्यारोलमा छाड्न सकिने भएमात्रै उसले त्यो सुविधा पाउनेछ ।

सरकारले ऐनका दफा ४९ बमोजिम देशभरका कारागारका लागि प्यारोल अधिकृत तोक्ने निर्णय पनि गरेको छ । सामुदायिक सेवा वा पुनर्स्थापनामा काम गरेको व्यक्तिलाई प्यारोल अधिकृत तोक्न सकिने व्यवस्था भएपनि अहिले सम्बन्धित कारागारको जेलरलाई नै प्यारोल अधिकृतको जिम्मेवारी दिने निर्णय गरेको हो ।

केही निश्चित मुद्दाका कसुरदारहरुले मात्रै कैद छुट र प्यारोलको सुविधा पाउँछन् । गम्भीर प्रकृतिका अपराधका कसुरदारहरु दुवै सुविधाका लागि योग्य हुँदैनन् ।

गृह मन्त्रालयका एक उच्च अधिकारी दुवै सुविधाका लागि नकारात्मक मुद्दाको सूची करिव समान भएकाले प्यारोलको सुविधा पाउने कैदीको संख्या निकै कम हुने बताउँछन् ।

'नकारात्मक सूचीमा रहेका मुद्दा बाहेक अरु मुद्दाका कैदीहरु असल आचरणका कारण आधा कैद भुक्तान गर्नासाथ माफी मिनाहाको बाटोबाटै छुटिहाल्छन्', ती अधिकारीले भने, 'कैदीले सुविधा नपाउने अधिकांश मुद्दाका कसुरदार प्यारोल सुविधाका लागि पनि अयोग्य हुने प्रावधान छ । जसले गर्दा सुविधा नपाउने अधिकांश कैदीहरुले पुरै अवधि सजाय भोग्नुपर्छ ।'

असल आचरणका कारण कैद छुट पाउने र प्यारोलका लागि योग्य हुनेहरुको लागि नकारात्मक सूचीमा करिव एक दर्जन कसुरहरु छन् । कैद छुट नपाउनेमध्ये अपहरण तथा शरीर बन्धक र लागू औषध ओसारपसार तथा कारोबारमा संलग्नहरुले मात्रै प्यारोलको सुविधा पाउँछन् । सरकारले अघि सारेको अवधारणा दुईथरी कसुरका कैदीहरुका लागि भने फाइदाजनक हुने देखिन्छ । नायव महान्यायाधिवक्ता सञ्जीवराज रेग्मी सुधारात्मक दण्ड व्यवस्था लागू भएका मुलुकहरुमा प्यारोलको अभ्यास व्यापक रुपमा कार्यान्वयन भएको बताउँछन् ।

निश्चित कैद कटाएका कसुरदारहरुले प्यारोलको सुविधा पाउने त्यस्ता मुलुकमा नेपालमा सुविधा नपाउने मुद्दाको सूची हुँदैन । उनी भन्छन्, 'निश्चित मुद्दाका कसुरदारले मात्रै प्यारोलको सुविधा पाउने अभ्यास निकै कम मुलुकहरुमा मात्रै छ ।' पछिल्ला केही वर्षहरुमा देशभरका कारागारमा कैदीबन्दीहरुको संख्या बढ्दो छ । कारागारको क्षमता नबढाई कैदीहरुमात्रै बढेकाले कारागार व्यवस्थापन भद्रगोल भएको भनी विभिन्न निकायहरुले निचोड निकालेका छन् ।

२०७६ सालमा कोरोना महामारीका बेलामा देशभर करिव २५ हजार कैदीबन्दी थिए । कारागारमा कोरोनाको जोखिम उच्च हुने डरले त्यतिबेला सरकार र न्यायालयले समेत कैदीबन्दीहरुलाई अधिकतम सुविधा दिने उदार नीति लिएको थियो ।

तर कैदीबन्दीहरुको संख्या बढेर २८ हजार पुगेको छ । करिव ७ हजार जनाको क्षमता हुने भएको नुवाकोटको केन्द्रीय कारागार निर्माणले गति लिन सकेको छैन । महान्यायाधिवक्ता डा. पोखरेल देशका कयौं कारागारको अवस्था नाजुक रहेको र कैदीहरुले कष्टकर जीवन बिताउनुपरेको बताउँछन् ।

'कानुनमा भएको व्यवस्था र दिएको सुविधा उनीहरुले पाउनुपर्ने निष्कर्षका साथ यो व्यवस्था कार्यान्वयन गर्न खोजेका हौं', उनले भने, 'यसबाट धेरैले सुविधा नपाएपनि जतिका हकमा मापदण्ड आकर्षित हुन्छ, उनीहरुले दुःख नपाउन् भन्ने हाम्रो उद्देश्य हो ।'

कारागार व्यवस्था विभागका महानिर्देशक काशीराज दाहाल १६ हजार कैदीवन्दीको क्षमता रहेका नेपालका कारागारमा करिव २८ हजार जनाले कैद भोगिरहेको बताउँछन् । उनका अनुसार, मंगलबार मात्रै निर्णय भएकाले प्यारोलको सुविधा पाउने कैदीहरुको संख्या यकिन भइसकेको छैन । भन्छन्, 'यो निर्णय कार्यान्वयनले कारागारमा केही न केही भएपनि कैदीबन्दीको चाप घटने निश्चित छ ।'

*(स्रोत: अनलाइनखबर)*

# धार्मिक अतिवाद मधेशको प्रमुख सुरक्षा चुनौती

जनकपुर/मधेश प्रदेशका सुरक्षा अधिकारीहरुले सामाजिक एकता, सद्भाव र सहिष्णुतामा प्रहार गरेर समाजलाई अशान्तिको दिशातिर लैजाने तत्वहरु सक्रिय रहेको निष्कर्ष निकालेका छन् । धरानदेखि सुरु भएको अशान्ति फैलाउने प्रयास मधेशमा पनि सक्रिय रहेको सुरक्षा सम्बद्ध अधिकारीहरुको विश्लेषण छ ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ समेतको उपस्थितिमा महोत्तरीको बर्दिबासमा बुधबार भएको प्रदेशस्तरीय सुरक्षा समीक्षा गोष्ठीमा ८ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले धार्मिक अतिवाद अहिलेको प्रमुख सुरक्षा चुनौतीका रुपमा देखा परेको रिपोर्टिङ सुनाए ।

छलफलमा सहभागी एक अधिकारीका अनुसार, प्रमुख जिल्ला अधिकारीहरुले हिन्दु र मुस्लिम समुदायका धार्मिक एवं सांस्कृतिक कार्यक्रममा एकअर्कालाई सहयोग नगर्ने, बरु द्वन्द्व सिर्जना गर्ने मनोविज्ञान देखिएको ब्रिफिङ गरेका छन् । 'एक अर्काको अस्तित्व स्वीकार नगर्ने परिस्थिति देखिन थालेको छ', एक प्रमुख जिल्ला अधिकारीले भने, 'समुदाय बीचमा विश्वासको वातावरणमा कमी आएको छ ।' सर्लाहीमा कर्फ्यू लागेका बेला समेत मानिसहरु बाहिर निस्किएर आगजनी र तोडफोड गरेको ब्रिफिङ समेत अधिकारीहरुले सुनाए ।

'४ असोजमा भएको तनावमा कर्फ्यू उल्लंघन गरेर मलंगवा-३, नुर हार्डवेयर नजिकै मुस्लिम समुदायका व्यक्तिहरुले घरमा आगजनीको प्रयास गरेका थिए, त्यसलाई सुरक्षा संयन्त्रले समयमै सावधानी अपनाउँदा रोक्न सम्भव भयो' बैठकमा एक सुरक्षा अधिकारीले ब्रिफिङ गरे, 'मलंगवा-१० मा झण्डै २/३ सयको संख्यामा हिन्दु समुदायका मानिसहरु बेला भएर सुरक्षाकर्मीमाथि समेत ढुंगामुढा प्रहार गरेका थिए, त्यसपछि हवाई फायर समेत गर्नुपरेको थियो ।

धार्मिक तनावका बीच सर्लाहीमा प्रशासनले कर्फ्यू आदेश जारी गर्नुपरेको थियो । 'दुवै जिल्लाको विषयमा सुक्ष्म रुपमा छलफल भयो, साथै यस्ता तनावको स्थिति सिर्जना हुनसक्ने अन्य स्थानबारे पनि विषयहरु उठे', जनकपुरका एक सुरक्षा अधिकारीले भने, 'सबैको निष्कर्ष सामाजिक सञ्जाललाई नियमन गरेर सद्भाव विगार्नेलाई पहिचान गरेर कारबाहीको दायरामा ल्याउनुपर्छ भन्ने रह्यो ।'

अर्का प्रमुख जिल्ला अधिकारीले सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्नुपर्ने राय राखे । 'अहिले भइरहेका जतिपनि झडप वा हिंसाका घटना छन्, त्यसमा आगो बाल्ने काम सामाजिक सञ्जालबाट पनि भएका छन्', उनले भने, 'सोसल मिडियामा ग्रुप बनाउने, शेयर गरेर मानिसहरुलाई भड्काउने काम भइरहेको छ ।'

सशस्त्र प्रहरी बलका महानिरीक्षक (आईजीपी) राजु अर्यालले पनि सामाजिक सञ्जालमा कि नियमन गर्ने क्षमता राख्नुपर्ने नभए बन्द गर्ने विषयमा सोच्नुपर्ने प्रस्ताव राखे । 'जसरी हुन्छ सामाजिक सञ्जालमा समूह बनाएर द्वन्द्व फैलाउनेलाई रोक्नुपर्ने चुनौती हामीसामू छ' अर्याललेको भनाइ उदृत गर्दै एक सुरक्षा अधिकृतले भनेका छन्, 'धार्मिक लफडाले टाढाको मान्छे मर्दैन, हाम्रै दाजुभाइ मर्छन् भन्ने कुरा आम जनतालाई बुझाउनु पऱ्यो ।' अर्यालले सुरक्षा अधिकृतहरुलाई समेत शान्ति मिसनमा धार्मिक दंगामा जाँदा भोगेका परिस्थितिलाई समेत स्मरण गराउँदै नागरिकलाई सचेत बनाउने गरी लाग्न निर्देशन दिए ।

नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) वसन्तबहादुर कुँवरले अर्यालसँग मिल्दो धारणा राखे । 'अहिले धेरै समस्या बढेको सामाजिक सञ्जालको दुरुपयोगले हो, प्रहरीले भेटेजतिलाई समात्ने, कारबाही गर्ने रणनीति लिएको छ', उनले भने, 'मानिसहरुलाई सामाजिक सञ्जालबाट उत्तेजित बनाउने प्रयास भइरहेको छ, त्यसले वातावरण विग्रिएको छ ।' कुँवरले नेपालगञ्जमा अहिले भइरहेको तनावको समेत उदारहण दिँदै त्यो विषय सामाजिक सञ्जालबाट सुरुवात् भएको सुनाए । 'यस्ता कार्यमा संलग्नविरुद्ध एग्रेसिभ्ली जानुपर्छ', कुँवरले भने ।

अधिकारीहरुले विभिन्न धार्मिक व्यक्तिहरले पनि गतिविधिका पक्ष र विपक्षमा उत्तेजक तर्क राखेर सामाजिक सञ्जालमा राखेको भन्दै त्यसमा कमेन्ट गर्नेले झन् वातावरण विगारिरहेको बताए । 'तथ्यलाई तोडमोड गरेर विभिन्न उद्देश्य बोकेका मानिसहरुले भड्काउने खाल्का सामाग्री पोष्ट गरिरहेका छन्', एक अधिकारीले भने, 'आफ्ना रीतिरिवाजको आडमा अर्को धर्म र जातलाई हेला र अपहेलाना गर्ने प्रवृत्तिले विवाद सिर्जना गरिरहेको दुखद् स्थिति छ ।'

प्रमुख जिल्ला अधिकारीहरुले मधेशमा सर्लाहीमा ५ र महोत्तरीमा एउटा धार्मिक तनावको घटना सार्वजनिक भएपनि भित्रभित्रै परिस्थिति भड्काउने तत्वहरु सक्रिय रहेको विश्लेषण सुनाए । 'धर्मको नाममा अतिवादी समूहरुबाट भड्काउने, उक्साउने काम भइरहेको छ, यसमा आन्तरिक तत्व मात्र जिम्मेवार रहेको देखिँदैन' एक प्रमुख जिल्ला अधिकारीले विश्लेषण सुनाए, 'सार्वजनिक स्थानमा एकै समयमा एकैठाउँमा विभिन्न जाति विशेषका धार्मिक, सामाजिक तथा संस्कृति कार्यक्रम सञ्चालन गर्न दिइनु हुन्न ।'

रिपोर्टिङ सुनेपछि गृहमन्त्री श्रेष्ठ समेत देशको बहुजातीय, बहुधार्मिक, बहुभाषीय र बहुसांस्कृतिक मौलिक पहिचान रहेको विशेषता माथि प्रहार गर्ने प्रयास भएको बताए । 'हाम्रो विविधता बीचको एकता, सद्भाव र सहिष्णुतामा केही समय यता प्रहार भइरहेको छ, यसमा आँच पुऱ्याउने, कमजोर पार्ने काम भइरहेको छ' गृहमन्त्री श्रेष्ठले सुनाए, 'जानाजान वा अन्जानमा द्वन्द्वको दिशातिर यो समाजलाई धकेल्ने काम भइरहेको संकेतहरु देखा पर्न खोज्दैछ, केही गतिविधिहरुले गम्भीर प्रश्न चिह्न उठाइरहेका छन् ।' अहिलेको स्थितिमा सुरक्षा निकायहरुले सामाजिक एकता र विविधताबीचको एकतालाई कायम राख्ने गरी काम गर्नुपर्ने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*


## सूचना ! सूचना ! सूचना !

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगर पालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

**सम्पर्कको लागि**
महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं : ०५७-५९०१०३
अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बाराही माविलाई स्कुल बस




साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ भीमफेदी गाउँपालिका-४ मा रहेको बाराही माध्यमिक विद्यालयमा विद्यालय बससेवा सुरु गरिएको छ । आइतबार भीमफेदी गाउँपालिकाको अध्यक्ष हिदम लामा र उपाध्यक्ष सञ्जीव श्रेष्ठको उपस्थितमा एक कार्यक्रमको आयोजना गरी बससेवा सुरु गरिएको हो ।

भीमफेदी गाउँपालिकाको ३० लाख रुपैयाँ आर्थिक सहयोगमा बससेवा सुरु गरिएको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रमेश आचार्यले बताए । साविक निबुवाटार गाविस हाल भीमफेदी गाउँपालिका वडा नम्बर ३ र ४ गरी दुईवटा वडा बनाइएको छ ।

दुईवटै वडाको लागि माध्यमिक तहको स्कुल भने बाराही माध्यमिक विद्यालय मात्र रहेको अध्यक्ष आचार्य बताउँछन् । उनले भौगोलिक हिसाबले बिकट भएकोले स्थानीय अभिभावक र विद्यालयको माग बमोजिम गाउँपालिकाको अध्यक्ष लामा र उपाध्यक्ष श्रेष्ठको विशेष पहलमा यस विद्यालय बसको व्यवस्था भएको बताए ।

कार्यक्रमका प्रमुख अतिथि भीमफेदी गाउँपालिका अध्यक्ष लामाले आफ्नो छोटो भनाइ राख्दै ओखर, बोखर, इकचुङ, लेखपान्द्राङ, चिलाउने, गोठडाँडा, ज्याल्टार, गोल्पिङबेसी, चिउरीबगैँचालगायत स्थानबट आउने विद्यार्थी भाइबहिनीलाई सजिलो बनाउनको लागि बसको व्यवस्था गरेको बताए । लामाले सबै अभिभावकलाई आग्रह गर्दै अब सरकारी विद्यालयमा नै गुणस्तरीय शिक्षा प्रदान हुने भएकोले निर्धक्क भएर आफ्ना नानीबाबुलाई विद्यालय पठाउन अनुरोध गरेका छन् ।

धेरै खर्च गरेर बोर्डिङ स्कुल हालेर मात्र पढाइ राम्रो हुने हैन स्थानीय सरकार विद्यालय व्यवस्थापन समिति विद्यार्थी र अभिभावक सक्रिय भए सरकारी स्कुलको पढाइमा कुनै कमी नहुने लामाले बताए । कार्यक्रममा वडा अध्यक्षहरुका सागर पाण्डे, जहारसिं लामा, कासिराम बज्यु, प्रकाश पुडासैनी, विद्यालयका प्रधानाध्यापक दुर्गाप्रसाद गौतम, शिक्षक, अभिभावकको उपस्थिति रहेको थियो ।

# किशोरीको हत्यामा हेटौंडाका युवकसहित चारजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ धारिलो हतियार चक्कु प्रहार गरी किशोरीको हत्या गरेको आरोपमा प्रहरीले काठमाडौंको विभिन्न स्थानबाट हेटौंडाका एक युवकसहित चारजनालाई पक्राउ गरेको छ ।

ओखलढुंगा लिखु गाउँपालिका-४ घर भई हाल काठमाडौं क्षेत्रपाटी बस्ने १७ वर्षीया किशोरी सनि कार्कीको धारिलो हतियार प्रहार गरी हत्या भएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले हेटौंडाका एक किशोरसहित चार जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा काठमाडौं महानगर पालिका-१९ घर भई हाल ललितपुर लुकुसी बस्ने २० वर्षीया सोनिया श्रेष्ठ खड्गी, ललितपुर महानगर पालिका-१९ एकान्तकुना बस्ने २२ वर्षीय सन्देश खड्गी, मकवानपुरको हेटौंडा उपमहानगरपालिका-२ घर भई हाल काठमाडौं महानगर पालिका-२४ बस्ने १९ वर्षीय भूमी मल्ल र ललितपुर गोदावरी नगर पालिका-५ घर भई हाल ललितपुर नागबहल बस्ने १९ वर्षीय अरबिन ठकुरी रहेका छन् ।

प्रहरीका अनुसार, गत सोमबार राति काठमाडौं महानगर पालिका-२४ हनुमानढोका परिसर अगाडि सनि कार्कीमाथि धारिलो हतियार प्रहारबाट भएको थियो । धारिलो हतियार प्रहारबाट गम्भीर घाइते भएका कार्कीको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सपलान्ट सेन्टर महाराजगंजमा उपचारको क्रममा मृत्यु भएको थियो ।

घटनास्थलबाट भाग्न लागेको अवस्थामा सन्देश खड्गी र सोनिया श्रेष्ठ खड्गीलाई सोही दिन काठमाडौं महानगरपालिका-२४ मखनबाट, भूमि मल्ललाई काठमाडौं क्षेत्रपाटीबाट र अरबिन ठकुरीलाई ललितपुर महानगरपालिका-१६ बाट घटनामा प्रयोग भएको चक्कुसहित मंगलबार प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका उनीहरु उपर काठमाडौं जिल्ला अदालतबाट म्याद थप अनुमति लिई प्रहरीवृत्त जनसेवाबाट थप अनुसन्धान भइरहेको जनाएको छ ।

# मनहरीका विपन्न परिवारले पाए नयाँ घर



साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ मकवापुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका वडा नम्बर १ र २ का ६ घरपरिवारले नयाँ घर पाएका छन् ।

सिआरएस नेपालको आर्थिक सहयोग तथा लुमन्ती आवासको लागि सहयोग समूह र सप्रोष नेपालको सहजीकरणमा वडाका गरीब तथा विपन्न परिवारका ६ घरपरिवारले नयाँ आवास पाएका हुन् । मंगलबार एक कार्यक्रमबीच वडाअध्यक्षको रोहबरमा घर हस्तानतरण गरिएको हो ।

योजना अन्तर्गतका वडा नम्बर १ की सानुमाया वाईवा, वडा नम्बर २ का जयराम स्याङ्तान, सत्यराज गोम्बा, सानु घलान, हस्तबहादुर स्याङ्तान, धनबहादुर ग्लानलाई हस्तान्तरण गरिएको वडा नम्बर १ का वडाध्यक्ष शिवप्रसाद खनालले जानकारी दिए ।

वडा नम्बर १ मा करिब ७ लाख रुपैयाँ र वडा नम्बर २ मा ८ लाख १० हजारका दरले ५ वटा घर बनाइ हस्तानतरण गरिएको हो ।

यस्तै सोही योजना अन्तर्गत वडा नम्बर १ का ५९ घरधुरी र २ का १२ घरधुरी भुकम्प प्रभावित स्थानीयलाई ५० हजार रुपैयाँ बराबरको झ्यालढोका निर्माणमा सहयोग गरिएको छ ।

यसैगरी सामग्री, ज्याला, ढुवानी खर्चबापत दुवै वडामा गरी जम्मा २२ घरपरिवारलाई ११ लाख रुपैयाँ सहयोग गरिएको छ । साथै जीविकोपार्जनमा जोड दिन संस्थाले वडा नम्बर १ का ७० र वडा नम्बर २ का १७ घरपरिवालाई आवश्यकता अनुसार बाखा, कुखुरा, सिलाई मेसिन, वीउँविजन सहयोग गरेको छ ।

# संसदीय उपसमितिले टुंग्यायो टीआरसी विधेयक, शीर्ष अनुमोदन बाँकी

काठमाडौं, १७ असोज/ संसदीय उपसमितिका सदस्यहरुले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति जुटाएका छन् । अब शीर्ष नेताहरुले अनुमोदन गरे लामो समयदेखि अड्किएको विधेयक संशोधनले गति लिने नेताहरु बताउँछन् ।

प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समिति अन्तर्गतको उपसमितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा सहमति जटाएको हो । सहमति जुटेका विषयमा शीर्ष नेताहरुको राय लिने र शुक्रबार बैठक बसेर अन्तिम रुप दिने उपसमिति सदस्यहरु बताउँछन् ।

'मूलभूत रुपमा विषयहरु टुंगिएका छन्' उपसमिति सदस्य शेरबहादुर कुँवरले भने, 'दुई दिन उपसमिति सदस्यहरुले आ-आफ्नो दलमा छलफल गर्नुहुन्छ । त्यस आधारमा पर्सि औपचारिक निर्णय लिन्छौं ।' उपसमिति सदस्यहरुका अनुसार जघन्य अपराधको परिभाषामा स्वेच्छाचारी हत्या लगायतका विषय समेटिएको छ ।

दोहोरो भिडन्तबाहेकका स्वेच्छाचारी र नियन्त्रणमा भएका हत्यालाई गम्भीर मानव अधिकार उल्लंघनको परिभाषामा समेटेर जान उपसमिति सहमत भएको छ ।

मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा सहमति जुट्न नसक्दा शेरबहादुर देउवा नेतृत्वको अघिल्लो सरकारले ल्याएको विधेयक प्रतिनिधि सभाको कार्यकाल सकिएर निष्क्रिय भएको थियो । दलहरुले अधिकतम प्रयास गर्दा पनि त्यसबेला हत्याको वर्गीकरणको विषयमा सहमति जुटेको थिएन ।

यसपटकको प्रस्तावित विधेयकमै मानव अधिकारको उल्लंघन र गम्भीर उल्लंघन भनेर छुट्याइएको थियो । तर यसको परिभाषामा पनि फेरि विवाद भयो ।

अहिले मानव अधिकार उल्लंघनको परिभाषामा 'सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको कार्य' भनेर राखिएको छ ।

शारीरिक वा मानसिक यातना, अपहरण तथा शरीर बन्धक बनाउने, गैरकानुनी थुनामा राख्ने, कुटपिट गर्ने, अंगभंग वा अपांग बनाउने, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने विषय समेटिएको छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरीत गरिएका जुनसुकै अमानवीय कार्यलाई मानव अधिकार उल्लंघनको परिभाषामा राखिएको छ । मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा 'सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी भएको स्वेच्छाचारी हत्या' लाई राखिएको छ ।

क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य, अमानवीय वा क्रूरतापूर्वक दिएको यातनालाई समेटिएको छ । स्वेच्छाचारी हत्या (आर्बिटरी किलिङ) र जबर्जस्ती भएका अन्य अपराधजन्य कार्यलाई मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा राख्ने र पीडकलाई कानुनी दायरामा ल्याउने उपसमितिमा सहमति भएको छ ।

गम्भीर मानव अधिकार उल्लंघनबाहेकका घटनामा पीडितको सहमतिमा मेलमिलाप हुने सुनिश्चितता गरिएको छ । विधेयकमा परिपूरणको हकको व्यवस्था गरिएको छ । मारिएका वा बेपत्ता पारिएका व्यक्तिको सम्पत्ति परिवारको नाममा हस्तान्तरण हुने व्यवस्था पनि छ ।

संक्रमणकालीन न्याय सम्बन्धी मुद्दाहरू महान्यायाधिवक्ताले आयोगबाट सिफारिस भएको मितिले एक वर्षभित्र चलाउने वा नचलाउने निर्णय गर्ने व्यवस्था गरिएको छ ।

विधेयकका मस्यौदा प्रतिवेदन अनुसार द्वन्द्वकालीन मुद्दा हेर्न उच्च अदालतका न्यायाधीश र हने तीन सदस्यीय विशेष अदालत गठन हुनेछ । विशेष अदालतको फैसलामा चित्त नबुझे ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिनसक्ने व्यवस्था राखिएको छ ।

पुनरावदेन हेर्न सर्वोच्च अदालतमा तीन सदस्यीय इजलास रहने व्यवस्था राख्नेमा उपसमिति सहमत भएको छ । पुनरावेदन सुन्न प्रधानन्यायाधीशले तीनजना न्यायाधीश रहने संक्रमणकालीन न्यायसम्बन्धी विशेष इजलास गठन गर्ने र इजलासले संक्रमणकालीन न्यायका मान्य सिद्धान्तलाई ध्यान दिने भनिएको छ ।

सार्वजनिक पद धारण गरेका कुनै व्यक्तिमाथि द्वन्द्वकालीन जघन्य अपराधमा संलग्न भएको मुद्दा दर्ता भए स्वत: निलम्बन हुने व्यवस्था गर्ने पनि सहमति जुटेको छ । आरोप लाग्नेबित्तिकै स्वत: निलम्बन हुने कि मुद्दा दर्ता भएर पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएपछि निलम्बनमा पर्ने दुबै प्रस्ताव आएको थियो । तर उपसमितिले 'आरोप लाग्दैमा पद नजाने, मुद्दा दर्ता भएको खण्डमा स्वत: निलम्बनमा पर्ने मध्यमार्गी सहमति जुटाएको छ ।

साथै यस्तो मुद्दामा अन्तिम फैसला हुँदा निर्दोष सावित पुन: जिम्मेवारीमा फर्किएको मानिने व्यवस्था राख्ने तयारी छ ।

संसदीय उपसमितिका जेष्ठ सदस्य ध्रुवबहादुर प्रधानका अनुसार कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय समेतको संलग्नतामा सरोकारवाला पक्ष र सम्बन्धित पक्षको राय/सुझाव र सर्वोच्च अदालतबाट विगतमा भएका फैसलालाई समेत आधार मानेर विधेयकको मस्यौदा तयार पारिएको हो ।

'द्वन्द्वबाट प्रभावित पक्ष, पीडित, मानव अधिकार आयोग, सर्वोच्च अदालतले गरेका ब्याख्या, विस्तृत शान्ति सम्झौता र संक्रमणकालीन न्यायको मर्म अनुसार सहमतिको मस्यौदा तयार भएको छ', जेष्ठ सदस्य प्रधानले भने ।

घोषित रुपमै द्वन्द्व भएकाले त्यस अवस्थालाई त्यसै अनुसार लिने तर, स्वेच्छाचारी अपराध, नि:शस्त्र अवस्थामा गरिएका हत्या र गम्भीर मानव अधिकार उल्लंघनमा पीडकले उन्मुक्ति नपाउने गरी शान्ति प्रक्रिया टुंग्याउने मर्मअनुसार उपसमितिले विधेयकमा सहमति खोजेको उपसमिति सदस्यहरु बताउँछन् ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेका सचेतक समेत रहेका उपसमिति सदस्य महेश बर्तौला पनि टीआरसीसम्बन्धी विधेयकमा औपचारिक निर्णय लिन मात्र बाँकी रहेको बताउँछन् । 'विधेयकको प्रतिवेदनको मस्यौदा उपर छलफल भयो' बर्तौलाले भने, 'कन्टेन्टमा नजिक पुगेका छौं । अब यो विधेयकलाई टुंगोमा पुर्‍याउन सरकारले राजनीतिक वातावरण बनाउनुपर्छ ।' सचेतक बर्तौलाका अनुसार चार वटा विषयमा थप स्पष्टतासहित विधेयकको प्रतिवेदन बुझाउने उपसमितिको तयारी छ ।

बाल सेनाको विषयमा के गर्ने, महान्यायधिवक्ताले मुद्दा नचलाए के गर्ने, मेलमिलापमा चित्त नबुझे अदालत जान पाउने बाटो राख्नुपर्ने र कोही अन्तर्राष्ट्रिय स्तर मै मुद्दा लिएर जान्छु भन्दा के गर्ने भन्ने बाहेकका विषयमा दलहरुबीच विमति नरहेको उनले बताए ।

२५ फागुन २०७९ मा संसदमा दर्ता भएको यो विधेयक १५ वैशाखमा दफावार छलफलका लागि कानुन, न्याय तथा मानव अधिकार समितिमा पुगेको थियो । विधेयकमा सहमति जुटाउन कानुन समितिले ५ जेठ २०८० मा ११ सदस्यीय उपसमिति गठन गरेको थियो । उपसमितिले पीडित, विज्ञ तथा सरोकारवाला निकाय र संशोधन-कर्ताहरुसँग छलफल गरेर विधेयकको मस्यौदा प्रतिवेदन तयार पारेको हो ।

*(स्रोत: अनलाइनखबर)*

# वंशगोपाल दुग्ध सहकारीको स्थापना दिवस




साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ हेटौंडा-६ चौघडामा रहेको वंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाको ३३ औं स्थापना दिवस मंगलवार सम्पन्न भएको छ । कार्यक्रममा सहभागी भएका दुग्ध उत्पादक किसानले दूधको उचित मूल्य नपाएको गुनासो गरेका छन् ।

केही समय बढेको मूल्य पनि फेरि घटाएर सरकारले किसानको हितविपरित काम गरेको गुनासो गरे । दैनिक जसो दाना, चोकर, ढुटो, परालको मूल्यवृद्धि हने तर, दूधको मूल्य वर्षदिनमा बढ्दा पनि घट्ने गरेकाले पेशाबाट विस्थापित हुने दिन आएको केदार अधिकारीले गुनासो गरे । कार्यक्रममा बागमती प्रदेश दुग्ध विकास बोर्डका सञ्चालक बासुदेव अधिकारीले बोर्डले किसानको हितमा काम गर्दै आएको बताए ।

पछिल्लो समय ब्यवसायी पनि मारमा परेको र उत्पादन भएका दूधजन्य पदार्थको बिक्री नहुँदा समस्या परेको बताए । सहकारीका संस्थापक अध्यक्ष हरिप्रसाद सिग्देलको प्रमुख आतिथ्यता सहकारीका अध्यक्ष श्यामप्रसाद न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष केशवप्रसाद सञ्जेल, उपाध्यक्ष केशव धिताल, सञ्चालक समितिका पदाधिकारी, दुग्ध उत्पादक किसान, सञ्चारकर्मी, कर्मचारीलगायतको सहभागिता थियो ।

# प्रदेशसभाको एम्बुलेन्स अस्पताललाई हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ बागमती प्रदेशसभाको स्वामित्वमा रहेको एम्बुलेन्स बुधबार मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा संचालित हेटौंडा अस्पताललाई हस्तान्तरण गरिएको छ ।

प्रदेशसभाका सदस्यलाई आकस्मिक रुपमा उपचारको लागि हेटौंडालगायत विभिन्न अस्पतालमा पुऱ्याउने उद्देश्यका साथ प्रदेशसभा सचिवालयले खरिद गरेको एम्बुलेन्स हेटौंडा अस्पतालको सहकार्यमा दैनिक संचालनमा ल्याउने सहमति अनुरुप हस्तान्तरण गरिएको प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए । एम्बुलेन्स सचिवालयको परिसरमा राखिएको र प्रदेशसभाको बैठक सधैं संचालन नहुने भएकोले एम्बुलेन्सलाई अन्य बिरामीको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले अस्पताललाई हस्तान्तरण गरेको सचिव दर्जीले बताए ।

सचिव दर्जीले प्रदेशसभा संचालन भई प्रदेशसभाको सदस्य लगायत कर्मचारीलाई आकस्मिक सहयोग चाहिएमा नियमित उपलब्ध गराउने गरी अस्पतालसँग सहमति भएको बताए । प्रदेशसभाका सदस्यलगायत कर्मचारीले उपचार सेवाको आवतजावत गर्दा आवश्यक मर्मतसंहार र इन्धन प्रदेशसभा सचिवालयबाटै उपलब्ध गराउने पनि उनले बताए ।


## रेष्टुरेन्ट र वास सेन्टर बिक्रीमा

हेटौंडा-५ सानोपोखरा गणेश मन्दिर नजिक चालु अबस्थामा रहेको रेष्टुरेन्ट र वास सेन्टर सुपथ मुल्यमा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क गर्नुहोला ।

*(आवश्यक परेमा टुक्रा जग्गासँग सट्टापट्टा पनि गरिनेछ )*

**सम्पर्क :-**

**९८५५०३०१२४, ९८२९२९२७२६**


# एन्फाको विशेष साधारणसभा, अध्यक्ष नेम्वाङको बर्खास्तीबारे निर्णय गर्ने

साझाकुरा संवाददाता



हेटौंडा, १७ असोज/ अखिल नेपाल फुटबल संघ (एन्फा)को कार्यसमिति बैठकले हेटौंडामा आउँदो कार्तिकमा विशेष साधारणसभा बोलाउने निर्णय गरेको छ ।

बुधबार एन्फा कम्प्लेक्स सातदोबाटोमा अध्यक्ष पंकजविक्रम नेम्वाङको अध्यक्षतामा बसेको बैठकले हेटौंडामा कार्तिक २३ गते विशेष साधारणसभा बोलाउने निर्णय गरेको हो । बैठकमा संघको ४० प्रतिशत सदस्य संस्थाहरुले २५ भदौमा एन्फामा दर्ता गराएको संघको अध्यक्ष र महासचिवको बर्खास्तको प्रस्तावउपर छलफल गरिएको थियो । सदस्य संस्थाहरुको माग बमोजिम आगामी कार्तिक २३ गते हेटौंडामा विशेष साधारणसभा आयोजना गरी एकमात्र विषयसूची अध्यक्ष नेम्वाङको बर्खास्ती सम्बन्धमा निर्णयार्थ पेश गर्ने निर्णय भएको प्रवक्ता सुरेश शाहले जानकारी दिए ।

महासचिव किरण राईको बर्खास्तीको प्रस्तावको मागको सम्बन्धमा एन्फाको विधानअनुरुप महासचिवको नियुक्ति र बर्खास्तीको सम्बन्धमा अध्यक्षको प्रस्तावमा मात्र कार्यसमितिले निर्णय गर्ने अधिकार क्षेत्रभित्र पर्ने भएको हुँदा महासचिवको बर्खास्तको प्रस्ताव पेश हुँदा संघको विधानको उल्घंन हुने भएकोले यो प्रस्तावलाई विशेष साधारणसभामा प्रस्तुत नगर्ने निर्णय भएको छ ।

यसैगरी, बैठकले फिफा वर्ल्डकप छनोटचरण तयारीका लागि संघका उपाध्यक्ष दीपक खतिवडालाई संयोजनको जिम्मेवारी दिने निर्णय पनि गरेको छ । शाहका अनुसार प्रतियोगिताको टिकेटिङ संघले नै गर्ने, टिकटदर सामान्य पारापिटतर्फ ३०० र भीआइपी पारापिटतर्फ ५०० रुपैयाँ कायम गर्ने र टिकट व्यवस्थापन गर्नका लागि एन्फा केन्द्रीय सदस्यहरु पुरुषोत्तम थापा, विकासनारायण श्रेष्ठ र प्रवक्ता शाहलाई जिम्मेवारी प्रदान गर्ने निर्णय भएको छ ।


**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
आर्थिक विकिस महाशाखा(पशुपन्छी विकास शाखा)
हेटौंडा, मकवानपुर

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति:२०८०।०६।१८ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिकको वडा नं. १४ र १५ क्षेत्र भित्रका ईच्छुक कृषक, तथा कृषक समूहले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति:२०८०।०७।२ गते) सम्ममा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | लागत साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्द्धन कार्यक्रम (पकेट क्षेत्र निर्माण ) | ५,००,०००/- | ३० प्रतिशत | कृषक/कृषक समुह (पशु पालन ) | वडा नं. १४ र १५ |

**आवश्यक कागजातहरु:**
१. निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२. प्रस्ताव अनुसारको लागत अनुमान ।
३. कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५. सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस पत्र ।
६. समूहको हकमा कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपि सहित, दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित), संस्थाको स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र सहित माथिका आवश्यक कागजातहरु ।

**नोट**: विगत ३ वर्ष देखि कुनै पनि संघ प्रदेश तथा स्थानिय सरकार बाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्नेछ। निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, पशुपन्छी विकास शाखामा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**
नगरकार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा, पशु सेवा केन्द्र, वडा कार्यलय, हेटौंडा
सम्पर्क मो. ०५७-५९०१०२, ९८४५६८८०७४, ९८४५०३०१९५, ९८६४२२६९७१, ९८४५०३०३५१


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना